# प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, २०७७

## (परिमार्जन, २०८२)

नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

**प्रकाशक :** नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

मिति २०८२/०८/१७ गते बसेको राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को सिफारिसबमोजिम अद्यावधिक गरिएको पाठ्यक्रम

**सर्वाधिकार :** पाठ्यक्रम विकास केन्द्र

# भूमिका

शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९ र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को व्यवस्थाबमोजिम प्रारम्भिक बालविकास र शिक्षालाई विद्यालय शिक्षामा समायोजन गरिएको छ । यसर्थ उक्त कानुनी तथा नीतिगत व्यवस्थाअनुसार प्रारम्भिक बालविकास र शिक्षा पाठ्यक्रम, २०७७ लाई अद्यावधिक गरिएको हो । यस क्रममा अन्तर्राष्ट्रिय अभ्यास र विश्वव्यापी सन्दर्भ, स्थानीय आवश्यकता, ज्ञानविज्ञान एवम् प्रविधिमा विकास एवम् परिवर्तन, शिक्षक, अभिभावक, विद्यार्थी तथा विज्ञबाट प्राप्त रायसुझावसमेतलाई दृष्टिगत गरी प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, २०७७ लाई अद्यावधिक गरिएको हो । यसले विद्यालयको पूर्वतयारी र सिकाइको जग बसाल्ने कार्यमा सहयोग गर्ने अपेक्षा राखेको छ ।

शिक्षक, विशेषज्ञ तथा विज्ञहरूको सहभागितामा सञ्चालन गरिएका विभिन्न कार्यशालाका माध्यमबाट अद्यावधिक गरिएको पाठ्यक्रमको मसौदामा विषय समिति, समन्वय तथा सम्पादन समिति एवम् राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट प्राप्त रायसुझावसमेत समेटी अन्तिम स्वरूप प्रदान गरिएको छ। यो पाठ्यक्रम सबै विद्यालय तथा प्रारम्भिक बालविकास केन्द्रहरूमा शैक्षिक सत्र २०८४ देखि कार्यान्वयन हुने गरी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट मिति २०८२/०८/१७ मा सिफारिस गरिएको छ ।

यो पाठ्यक्रम तयार गर्ने क्रममा महत्त्वपूर्ण सहयोग पुऱ्याउनुहुने नीतिनिर्माता, विज्ञ तथा विशेषज्ञ, शिक्षाविद्, प्राध्यापक, शिक्षक, विद्यार्थी, अभिभावकलगायत सम्पूर्ण सरोकारवालाहरूप्रति पाठ्यक्रम विकास केन्द्र हार्दिक कृतज्ञता व्यक्त गर्छ । यस पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकाका लागि गुणस्तरीय र सर्वाङ्गीण विकासको अवसरलाई सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको अपेक्षा गरिएको छ । प्रारम्भिक बालविकास र शिक्षाको यो पाठ्यक्रम गतिशील दस्तावेज भएकाले यसमा सुधार तथा परिमार्जन गर्दै अझ प्रभावकारी बनाउनका लागि केन्द्रले पाठ्यक्रम प्रयोगकर्तालगायत सम्बन्धित सबै सरोकारवालाबाट निरन्तर सुझाव प्राप्त हुने अपेक्षा गरेको छ ।

**वि.सं. २०८२**

**पाठ्यक्रम विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

# विषयसूची


| क्र.स. | विषयवस्तु | पृष्ठसङ्ख्या |
|---|---|---|
| १. | परिचय | १ |
| २ | सक्षमता | २ |
| ३ | आधारभूत र विषयगत सिप सिकाइ उपलब्धि विस्तृतीकरण | २ |
| ४. | विषयक्षेत्रगत एकीकृत ढाँचाको क्षेत्र र क्रम | १७ |
| ५ | सिकाइ सहजीकरण प्रक्रिया | २२ |
| ६ | मूल्याङ्कन प्रक्रिया | २६ |

# प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, २०७७
# (परिमार्जन, २०८२)

## १. परिचय

प्रारम्भिक बालविकास र शिक्षालाई आधुनिक शिक्षा प्रणालीको जगका रूपमा लिइन्छ । प्रारम्भिक बाल्यावस्थाको सिकाइ सर्वाङ्गीण विकासका सिद्धान्तमा आधारित हुन्छ । यस सन्दर्भमा नेपालको संविधान, २०७२ को धारा ३९(२) र ३९(३), शिक्षा (नवौँ संशोधन) ऐन २०२८ को दफा ११त१ र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले गरेको व्यवस्थाअनुसार प्रारम्भिक बालविकास र शिक्षा पाठ्यक्रम, २०७७ लाई अद्यावधिक गरिएको हो । यस पाठ्यक्रमले चार वर्ष पूरा गरेका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, मानसिक, भाषिक, नैतिकलगायतका सर्वाङ्गीण विकासका क्षमताहरूको विकास गरी प्रारम्भिक बालविकास र शिक्षालाई अधिकारमा आधारित बनाउने र कक्षा १ मा प्रवेशको तयारी गराउने उद्देश्य राखेको छ।

शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (क) अनुसार प्रारम्भिक बालविकास र शिक्षा भन्नाले चार वर्षको उमेर पूरा गरेका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बालविकासको शिक्षा सम्झनुपर्छ भनी परिभाषित गरेको छ । यसर्थ प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम बालबालिकाको उमेरगत विकासात्मक पक्षलाई ध्यान दिई सर्वाङ्गीण बालविकास तथा एकीकृत सिद्धान्तअनुसार विकास गरिएको हो । यस तहमा बालबालिकाले आफ्नो मातृभाषामा सिक्ने अवसर प्राप्त गर्ने छन् । बालबालिकाको सर्वाङ्गीण विकास गर्दै उनीहरूलाई सिकाइमा प्रेरित गरी सिकाइका लागि आधारशिला खडा गर्ने प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रमको लक्ष्य हो । यसर्थ विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापको माध्यमद्वारा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुर्‍याउनु र एकीकृत सिकाइ विधिको माध्यमबाट सिकाइमा प्रेरित गरी कक्षा १ मा प्रवेशका लागि तयार पार्नु यस पाठ्यक्रमका प्रमुख उद्देश्य हुन् । यस सन्दर्भमा शिक्षा ऐनको नवौँ संशोधनपछि प्रारम्भिक बालविकास र शिक्षा विद्यालय शिक्षाको अङ्ग भएको हुनाले तत्कालीन शिक्षा विभागबाट विकसित प्रारम्भिक बालविकास पाठ्यक्रम दिग्दर्शन र प्रारम्भिक सिकाइ तथा विकास मापदण्डसमेतका आधारमा चार वर्ष (४८ महिना पूरा गरेका) उमेर समूहका बालबालिकाका लागि सम्पूर्ण विद्यालय एवम् बालविकास केन्द्र वा बालविकास कक्षाका लागि पाठ्यक्रम विकास गरिएको हो । यस पाठ्यक्रमले बालबालिकाको रुचि, क्षमता र आवश्यकताका साथसाथै उनीहरूको सर्वाङ्गीण विकासलाई प्राथमिकतामा राख्नुका अतिरिक्त बालबालिकाको सिकाइमा परिवार र समुदायमा रहेका र अन्य स्रोतको प्रयोग गरी प्रारम्भिक बालविकासको सुनिश्चितता गर्ने पक्षमा जोड दिएको छ ।

यो पाठ्यक्रम परिचय, तहगत सक्षमता, विषयक्षेत्रगत सिकाइ उपलब्धि, विषयवस्तु र यसको विस्तृतीकरण, सिकाइ सहजीकरणका लागि सञ्चालन गर्न सकिने क्रियाकलाप, सम्भावित मूल्याङ्कन विधि समावेश गरी व्यवस्थित गरिएको छ । यस पाठ्यक्रमअर्न्तगत विद्यार्थीको रुचि, स्तर र उमेरसँग सङ्गति कायम हुने गरी जम्मा छओटा सक्षमता समावेश गरिएका छन् । सक्षमतामा आधारित यस पाठ्यक्रमको वार्षिक कार्यघण्टा ८३२ रहेको छ । ८३२ कार्यघण्टा भनेको विद्यालय खुल्ने समय प्रतिदिन सुरुआती क्रियाकलापसहित ४ घण्टा ३० मिनेट र जम्मा १९२ दिन हो ।

## २. सक्षमता

**प्रारम्भिक बालविकास र शिक्षाको अन्त्यमा बालबालिकाले निम्नानुसार सक्षमताहरू हासिल गर्ने छन् :**

१. सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता

२. पोषणयुक्त खाना र स्वस्थकर बानी विकास

३. वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन

४. सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन

५. सिर्जनात्मक सोचको विकास

६. भाषिक तथा सञ्चार सिपको विकास

## ३. आधारभूत र विषयगत सिप सिकाइ उपलब्धि विस्तृतीकरण

बालबालिकाको सर्वाङ्गीण विकासका लागि निम्नानुसारका आधारभूत तथा विषयगत सिप सिकाइ क्षेत्र निर्धारण गरिएका छन् :

| क्र.स. | सिपका क्षेत्रहरू | सिपहरू | वार्षिक समय (घण्टामा) |
|---|---|---|---|
| १. | आधारभूत सिप सिकाइका क्षेत्र | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप | ३८४ |

| | | | |
|---|---|---|---|
| २. | विषयगत सिप सिकाइका क्षेत्र | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप<br>(ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वरपरको वातावरण<br>(ङ) सामाजिक सिप | १९२ |
| | | **जम्मा** | ५७६ |

**द्रष्टव्य :**

१. उपर्युक्त तालिकाबाहेक स्थानीय विषयवस्तुअन्तर्गत स्थानीय तहमा प्रचलित मनोरञ्जनात्मक क्रियाकलाप, खेल, बालगीत, विभिन्न कथा, चालचलनको भूमिका अभिनय र आरामका अभ्यास वा अन्य स्थानीय विशिष्ट अभ्यास, प्रचलन वा रोचक प्रसङ्गलगायतका विषयक्षेत्र समेटी कम्तीमा दैनिक एक घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुने छ ।

२. विषयगत सिकाइका क्षेत्रहरूअन्तर्गतका विषयवस्तुको सिकाइ क्रियाकलाप अलग्गै विषयका रूपमा नभई आधारभूत सिपका क्षेत्रसँग एकीकृत रूपमा सञ्चालन गर्नुपर्ने छ ।

## (क) आधारभूत सिप सिकाइका क्षेत्रगत सिकाइ उपलब्धिहरू

प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाको आधारभूत क्षेत्रका अपेक्षित उपलब्धिहरू निम्नानुसार निर्धारण गरिएको छ :

### (अ) शारीरिक सिप

| क्र.स. | सिकाइका क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|
| १ | शरीरका स्थूल अङ्गहरूको तन्दुरुस्ती, समन्वय र संयोजन | शरीरका स्थूल अङ्गहरूको तन्दुरुस्ती, समन्वय र संयोजन गर्न | • शरीरका स्थूल अङ्ग चिन्न र नाम भन्न<br>• शरीर तन्काउन र निहुरेर खुट्टा छुन<br>• भुइँमा घस्रेर हिँड्न<br>• शरीर सन्तुलन गरी सिधा, साँघुरो बाटो वा ठाउँ वा एक फिट चौडाको डिल, काठको फल्याकमा तीन (३) मिटरसम्म हिँड्न<br>• १० पाइलासम्म उकालो, ओरालो तथा भऱ्याङ एवम् खुड्किलामा तलमाथि हिँड्न |

| | | | |
|---|---|---|---|
| | | | ● दुबै खुट्टाले १० पाइला परसम्म उफ्रेर जान<br>● एक मिटरसम्म उल्टो (पछाडितर्फ) हिँड्न<br>● पालैपालो एक खुट्टाले उफ्रन<br>● बढीमा तीन किलो वजन भएको सामान बोकेर एकदेखि दुई मिटरसम्म हिँड्न<br>● एक मिटरसम्मको दुरीमा बल, बिनब्याग (गेडागुडी राखेका साना थैलाहरू) फ्याँक्न र समात्न<br>● हिँड्दाहिँड्दै वा दौडँदादौडँदै झ्वाट्ट उभिई शरीरलाई सन्तुलनमा ल्याउन<br>● भुइँभन्दा ४/५ इन्च माथि कुनै वस्तुका सहायताले शरीरलाई सन्तुलित राख्न (जस्तै : रुखका बलिया हाँगामा झुन्डिने, बलियो डोरीमा झुन्डिने आदि)<br>● एक गोडाका औंलाका टुप्पाले केही समयसम्म सन्तुलित भई उभिन |
| २ | सूक्ष्म मांसपेशीय अङ्गहरूको समन्वय र सञ्चालन | सूक्ष्म मांसपेशीय अङ्गहरूको समन्वय र सञ्चालन गर्न | ● शरीरका सूक्ष्म अङ्ग चिन्न र नाम भन्न<br>● कागज, पात आदिलाई दिइएको निर्देशनअनुसार पट्याउन, च्यात्न र काट्न<br>● प्वाल भएको वस्तु धागोमा उन्न (जस्तै : प्वाल भएको ठुलो दाना, मकैको खोयाको माला, निगालोको टुक्रा, ठुलो सियो)<br>● लुगाको टाँक तथा जुत्ताको फित्ता लगाउन<br>● तीनदेखि पाँच पटकसम्म ताली बजाउन<br>● जिब्रो चलाएर मुखले सिटी बजाउन<br>● दिइएको क्षेत्रभित्र टाँस्न, रङ लगाउन |
| ३ | आँखा र हातको समन्वय | आँखा र हातको समन्वय गरी प्रतिक्रिया व्यक्त गर्न | ● कोरिएको आकार वा चित्रमा रङ वा मैन कलर (क्रेयन) लगाउन तथा विभिन्न वस्तुका टुक्रा टाँस्न<br>● डोरी, कागज, धागो, कपाल प्रयोग गरी बुन्न वा बाट्न<br>● भिजेको बालुवा, मुछेको माटो वा पिठोबाट विभिन्न वस्तुका आकारहरू बनाउन<br>● निश्चित छोटा दुरीको स्थानसम्म वस्तुलाई फ्याँक्न |

| | | | |
|---|---|---|---|
| ४ | इन्द्रिय अङ्गहरूको प्रयोग | इन्द्रिय अङ्गहरूको प्रयोग गर्न | • सुनेका आवाजहरू (जनावरका, चराका, वा अन्य वस्तुका) पहिचान गर्न तथा नक्कल गर्न<br>• दुर्गन्धित र सुगन्धित बास्ना महसुस गरी भन्न<br>• खस्रो र चिप्लो, कडा र नरम, तातो र चिसो, मोटो र पातलो वस्तु छुट्याउन<br>• विभिन्न स्वादहरू (गुलियो, अमिलो, तितो र नुनिलो) छुट्याउन<br>• नजिक र टाढा रहेका वस्तुहरू पालैपालो पहिचान गर्न<br>• दिइएका चित्रमा समानता र भिन्नता छुट्याउन |
| ५ | शारीरिक सक्रियता | विभिन्न क्रियाकलापमा सक्रिय रूपमा सहभागी हुन | • खेलकुद तथा सिकाइ क्रियाकलापमा सक्रिय रूपमा भाग लिन<br>• निर्देशन, ताल वा आवाजका आधारमा सिधा लाइनमा बस्न<br>• विभिन्न आवाजका आधारमा ताल मिलाएर तथा उफ्रेर कसरत गर्न<br>• शरीरको हाउभाउको सङ्केतबाट भाव र अवस्था बताउन |

**(आ) संवेगात्मक सिप**

| क्र.स. | आधारभूत सिप सिकाइका क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|
| १ | स्वधारणा | आफ्ना संवेग तथा भावनालाई उचित प्रतिक्रिया दिन | • आफूलाई अरूसरह सहभागी गराउन<br>• आफूप्रति आत्मविश्वास र आत्मसम्मान बढाउन<br>• आफूप्रति सकारात्मक धारणा राख्न<br>• आफूलाई मन पर्ने र मन नपर्ने कुराहरू बताउन<br>• विभिन्न अवस्थामा अपनाइने नियमबारे जानकारी लिई (जस्तै : सम्मान, समभाव, सुरक्षा, असल तथा खराब पक्षमा) आफ्नो धारणा बताउन |

| | | | |
|---|---|---|---|
| २ | संवेग पहिचान र प्रकट | आफ्ना संवेग सन्तुलित रूपमा प्रयोग गर्न | ● विभिन्न संवेग (खुसी, दुःख, रिस आदि) महसुस गर्न र चिन्न<br>● आफ्ना संवेगलाई केले उत्प्रेरित गर्छ भन्नेबारेमा बताउन<br>● साथी तथा अरूको भावना बुझ्ेर सोहीअनुसार व्यवहार गर्न |
| ३ | संवेगात्मक सुरक्षा तथा आत्मविश्वास | संवेगात्मक सुरक्षा तथा आत्मविश्वास विकास गर्न | ● विभिन्न अवस्थामा संवेगात्मक सुरक्षाको अनुभूति देखाउन<br>● विभिन्न क्रियाकलापमा लगनशीलता र आत्मविश्वास देखाउन<br>● परिचित तथा अपरिचित वातावरणमा आफ्ना धारणाहरू सहज रूपमा अभिव्यक्त गर्न<br>● व्यक्तिगत तथा सामूहिक क्रियाकलापमा सक्रिय सहभागिता जनाउन |
| ४ | संवेग सन्तुलन | दैनिक कार्य व्यवहारमा संवेगलाई सन्तुलन गर्न | ● धैर्यताका साथ आफ्नो पालो पर्खन र अरूलाई पनि पालो दिन<br>● फरक फरक अवस्थाहरूमा फरक किसिमको व्यवहार तथा संवेगहरू प्रकट गर्न<br>● रिस, दुःख जस्ता संवेगको व्यवस्थापन गर्न |
| | | | ● समस्याको पहिचान गर्न र सकारात्मक समाधानको पहल गर्न<br>● साथी तथा अरूलाई सहानुभूति (Empathy) का साथ सहायता गर्न<br>● सहयोग लिँदा तथा दिँदा धन्यवाद, कृपया, माफ गर्नुहोस् जस्ता नम्र संवादहरू प्रयोग गर्न<br>● वरपरका जीवजनावर, बोटबिरुवालाई स्याहार तथा माया गर्न, मलजल र सुरक्षा प्रदान गर्न |

| | | | |
|---|---|---|---|
| ५ | सहयोग र सहकार्य | समूहमा मिलेर सहयोग लिन र दिन | • साथी बनाउन<br>• साथीसँग आफ्नो सोच वा विचार व्यक्त गर्न<br>• आफ्ना साथीहरूसँग मिलेर सिकाइ क्रियाकलापमा सक्रिय रहन<br>• साथीको समूहमा मिलेर खेल्न र साथीलाई आवश्यक परेमा सहयोग गर्न<br>• समूहमा मिलेर बस्न, सहयोग गर्नका लागि तत्परता देखाउन र आवश्यकता हेरी सहयोग लिन तथा दिन |

**(इ) सामाजिक, सांस्कृतिक र नैतिक सिप**

| क्र.स. | आधारभूत सिप सिकाइका क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|
| १ | असल व्यवहार | असल व्यवहारसहित सञ्चार गर्न | • आफूभन्दा सानालाई माया गर्न<br>• आफूभन्दा ठुलालाई सम्मान गर्न<br>• आफ्ना साथीहरूबिच असल व्यवहार गर्न<br>• नयाँ व्यक्तिहरू तथा साथीहरूसँग परिचय गर्न<br>• आफ्ना विचार नम्र भएर समूहमा राख्न |
| २ | जीवनउपयोगी सिप | आफ्ना दैनिक कार्य सम्पादन गर्न | • शौचालय जाने, हात धुने, खाना खाने, लुगा लगाउने, सामान ठिक ठाउँमा राख्ने आदि काम गर्न<br>• आफ्ना, साथीहरूका तथा कक्षाकोठाका सामान उचित रूपमा प्रयोग गर्न र जतन गर्न<br>• सामानहरूलाई सफा, सुरक्षित राख्न र तिनीहरूको उचित प्रयोग गर्न |
| ३ | सामाजिक व्यवहार | सबैको भाषा, संस्कृति र चालचलनलाई सम्मान गर्न | • फरक फरक भाषा, शारीरिक क्षमता, संस्कृति र रहनसहनलाई सम्मान गर्न<br>• आफ्नो परिवारमा मनाइने चाडपर्वको नाम भन्न तथा सहभागी हुन<br>• समाजमा गरिने विभिन्न क्रियाकलापमा आफूले गर्न सक्ने काममा सहयोग गर्न |

| | | | |
|---|---|---|---|
| ४ | नेतृत्व | नेतृत्वको सम्मान गर्न र अग्रसर हुन | ● अरूको नेतृत्वको कदर गर्ने बानी बसाल्न<br>● समूहमा नेतृत्व लिनका लागि अग्रसर हुन<br>● केही कार्य गर्नुपर्ने भएमा आफैँ अगाडि सर्न |

(ई) **बौद्धिक तथा मानसिक सिप**

| क्र.स. | आधारभूत सिप सिकाइका क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|
| १ | बौद्धिक सिप तथा सिकाइ प्रक्रिया | बौद्धिक सिप हासिल गर्न र सिकाइ प्रक्रियामा सामेल हुन | ● समस्याको समाधान गर्न तथा घटना एवम् अवस्थाको कारण बताउन<br>● सिकाइलाई दैनिक कार्यव्यवहारमा प्रयोग गर्न (दिनभरि घटेका घटना बताउन, अपूर्ण कथालाई पूरा गर्न)<br>● विभिन्न क्रियाकलापमा एकाग्र भई सरिक हुन |
| २ | वर्गीकरण तथा क्रम मिलान | वस्तु तथा आकारको वर्गीकरण गर्न तथा क्रम मिलाउन | ● वस्तु तथा आकृतिलाई वर्गीकरण गर्न<br>● विभिन्न वस्तुलाई रङका आधारमा क्रमैसँग राख्न<br>● बनोटका आधारमा वस्तुलाई वर्गीकरण गर्न<br>● वस्तुहरूलाई क्रम मिलाएर राख्न तथा वर्गीकरण गर्न |
| ३ | तर्कपूर्ण सोचाइ | कुराकानी र छलफलका क्रममा आफ्ना तर्क राख्न | ● साधारण कारण र परिणामबिचको सम्बन्ध देखाउन<br>● विभिन्न सूचना तथा जानकारी सङ्कलन गर्न र छलफल गर्न<br>● विभिन्न सूचनाका आधारमा अवधारणा राख्न र निर्णय गर्न |
| ४ | कल्पनाशक्ति | काल्पनिक रूपमा आफ्ना विचार व्यक्त गर्न | ● काल्पनिक कथाहरू बनाउन<br>● आफू तथा आफ्ना विचारलाई फरक तथा सिर्जनात्मक रूपमा व्यक्त गर्न |

(उ) **स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप**

| क्र.स. | आधारभूत सिप सिकाइका क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|
| १ | मानव शरीर | शरीरका अङ्गको पहिचान र अवस्थाबारेमा जानकारी लिन | ● शरीरका विभिन्न बाहिरी अङ्गहरूका नाम र काम बताउन<br>● अग्लो र होचो, मोटो र दुब्लो पहिचान गरी छुट्याउन<br>● आफू र अरूको शरीरको सामान्य समानता र भिन्नता पहिल्याउन (उचाइ, मोटो, दुब्लो आदि) । |
| २ | स्वास्थ्य | स्वस्थकर बानीको विकास गर्न | ● हात, खुट्टा, मुख धुन, दाँत माझ्न र नुहाउन<br>● सफा लुगा, जुत्ता, चप्पल लगाउन<br>● मौसमअनुसारको लुगा लगाउन<br>● शरीर तथा लुगाफाटाको सरसफाइमा जागरुक हुन<br>● स्वस्थ रहने बानी बसाल्न<br>● बिरामी हुँदा आफूभन्दा ठुलाको निर्देशन तथा निगरानीमा रहेर औषधी खान |
| ३ | व्यक्तिगत सुरक्षा | व्यक्तिगत सुरक्षाका उपायहरू बताउन र अपनाउन | ● घर र घरबाहिर हुने जोखिम र दुर्घटनाबाट बच्नका लागि आफूभन्दा ठुलाको निर्देशन तथा सुझाव पालन गर्न<br>● चिजबिजहरू जथाभावी नचलाउन तथा मुखमा नहाल्न<br>● असुरक्षित खाना (सडेगलेका एवम् झिँगा भन्केका र फोहोर) पहिचान गर्न र नखान<br>● नदी, पोखरी, कुवामा डुब्ने तथा आगो, धारिलो हातहतियारलगायतबाट टाढा र सुरक्षित रहन<br>● नचिनेका वस्तुहरू खेल्न र चलाउनुअगि आफूभन्दा ठुला र चिनेका व्यक्तिहरूबाट सहयोग लिन<br>● अपरिचित व्यक्तिले दिएका खानेकुरा र सामान नलिन<br>● निर्देशनअनुसार बाटोमा सुरक्षित हिँड्न |

| | | | |
|---|---|---|---|
| ४ | पोषणको पहिचान र प्रयोग | खानाका प्रकारहरू पहिचान गर्न र पोषिलो खाना खान | • खाना खाने उचित बानी बसाल्न (जस्तै : नफ्याँक्ने, नछर्ने, नपोख्ने र हात धोएर खाने)<br>• नियमित रूपमा खाना खाने बानी बसाल्न (जस्तै : बिहान, दिउँसो, बेलुका खाने इत्यादि)<br>• पानी खेर नफाल्न<br>• घर तथा विद्यालयमा सन्तुलित खाना खाने बानी बसाल्न<br>• अल्पपोषक खाना (जङ्क फुड) नखान<br>• सफा भाँडाकुँडामा खाना खान |
| ५ | व्यक्तिगत तथा वातावरणीय सरसफाइ | व्यक्तिगत तथा वातावरणीय सरसफाइमा सरिक हुन | • नियमित रूपमा मुख धुन, दाँत माझ्न, नङ काट्न, कपाल कोर्न र सफा लुगा लगाउन<br>• कागज, प्लास्टिकका टुक्रा ठिक ठाउँमा फाल्न<br>• फोहोर वातावरणबाट स्वास्थ्यमा नराम्रो असर पर्छ भन्ने तथ्य बताउन |

(ऊ) **सिर्जनात्मक सिप**

| **क्र.स.** | **आधारभूत सिप सिकाइका क्षेत्र** | **सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धिको विस्तृतीकरण** |
|---|---|---|---|
| १ | चित्र तथा ढाँचा | विभिन्न चित्र र ढाँचाको वर्णन गर्न तथा निर्माण गरी रङ भर्न | • विभिन्न चित्र र ढाँचाहरू हेरी आफूले बुझेको कुरा बताउन<br>• रुचिअनुसार चित्रको आकृति कोर्न<br>• विभिन्न चित्रमा रङ भर्न |
| २ | हस्तकला | विभिन्न आकृति निर्माण र वर्णन गर्न | • खोया, माटो, बालुवा, पिठो तथा धागोको प्रयोगबाट विभिन्न आकृति बनाउन |
| ३ | अभिनय | अभिनय कला प्रदर्शन गर्न | • कुकुर, बिरालो, चरा, गाई, बाख्राको आवाज नक्कल गर्न<br>• नाच्ने, गाउनेलगायतका क्रियाकलापमा सहभागी हुन |

**(ख) विषयगत सिप सिकाइका क्षेत्रगत सिकाइ उपलब्धि**

बालबालिकाको विषयगत सिप सिकाइका क्षेत्रअन्तर्गत निम्नानुसारका पक्ष तथा सिकाइ उपलब्धिहरू निर्धारण गरिएका छन् :

**(अ) भाषिक सिप**

| क्र.स. | विषयगत सिकाइका क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|
| १ | सुनाइ र एकाग्रता | विभिन्न वर्ण, शब्द तथा सन्दर्भ सुन्न र प्रतिक्रिया दिन | • ध्वनि, स्वर, आवाज एवम् शब्दहरू ध्यान दिएर सुन्न र भन्न<br>• शब्द सुनेर पहिलो वर्ण छुट्याउन<br>• कथा वा अरूका कुरा ध्यान दिएर सुन्न र भन्न<br>• सुनेको कथा वा कुरालाई क्रमिक रूपमा बताउन<br>• अरूले सोधेको प्रश्न सुनेर उत्तर दिन<br>• दिइएका निर्देशनहरू सुनेर पालना गर्न |
| २ | भाषिक सञ्चार | कुराकानी तथा छलफलमा सहभागी भई सूचना लिन र दिन | • शब्द र सरल वाक्य स्पष्ट तथा सही तरिकाले बोल्न<br>• कुनै वस्तु वा घटनाप्रति आफ्नो विचार अभिव्यक्त गर्न<br>• अर्थपूर्ण हुने गरी दोहोरो कुराकानी तथा छलफल गर्न<br>• दिइएको दैनिक व्यवहारमा सम्बन्धित शीर्षकमा कुराकानी गर्न र आफ्नो विचार बताउन<br>• स्वतन्त्र रूपमा विचार व्यक्त गर्न |
| ३ | पूर्वपढाइ अभ्यास | विभिन्न चित्र, ढाँचा, वर्ण र शब्द चिन्न तथा भन्न | • चित्र हेरेर वर्णन गर्न<br>• चित्रकथाको वर्णन गर्न<br>• चित्र, शब्द र अक्षरबिच जोडा मिलाउन<br>• विभिन्न चित्र र ढाँचाहरूको अवलोकन गरी समानता तथा भिन्नता छुट्याउन<br>• छापिएका अक्षर र शब्दलाई पहिल्याउन |

| | | | |
|---|---|---|---|
| ४ | शब्द र वाक्यको उच्चारण | शब्द र वाक्यको उच्चारण गर्न | • दैनिक प्रयोगमा आउने शब्द र वाक्यहरू शिक्षकको सहायताले स्पष्टसँग उच्चारण गर्न<br>• अक्षर, शब्द र वाक्यहरू अन्दाज गरेर चिन्न<br>• सुनेका नयाँ नयाँ शब्द र वाक्यहरू पुनः प्रयोग गर्न<br>• घरमा वा विशेष ठाउँ परिस्थितिअनुसार कुराकानी गर्न |
| ५ | पूर्वसाक्षरता र छापा सचेतना | मुद्रित सामग्रीको सुरक्षा र उपयोग गर्न | • छपाइ भएका सामग्रीको स्याहार गर्न र सही तरिकाले पल्टाउन<br>• छपाइ भएका चित्र र अक्षरलाई अरूको सहयोग लिई चिन्न र भन्न |
| ६ | पूर्वलेखन अभ्यास | विभिन्न आकृति, ढाँचा, वर्ण चिन्न र अनुलेखन गर्न | • सिधा, छड्के र वक्ररेखा निर्माण गर्न<br>• थोप्ला जोडी आकृति निर्माण गर्न<br>• आकृतिको अनुकरण गर्न, लेख्य सङ्केत र लेख्य चिह्न चिनेर अनुलेखन गर्न<br>• निर्देशित र स्वतन्त्र लेखाइको अभ्यास गर्न । |

(आ) **पूर्वगणितीय सिप**

| क्र.स. | विषयगत सिकाइका क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|
| १ | स्थानगत धारणा | स्थानका आधारमा वस्तुहरूलाई छुट्याउन | • स्थानका आधारमा वस्तुहरूलाई भित्र र बाहिर, अगाडि र पछाडि, दायाँ र बायाँ, तल र माथि, नजिक र टाढा छुट्याउन |
| २ | नाप र क्रम | नाप र समय पत्ता लगाई क्रममा राख्न | • वस्तुहरूलाई तुलना गरी लामोछोटो, अग्लोहोचो, सानोठुलो तथा मोटोमसिनो छुट्याउन<br>• वस्तुहरूलाई एक निश्चित क्रममा (जस्तै : छोटोदेखि लामो, सानोदेखि ठुलो) मिलाएर राख्न<br>• समयअनुसारका दैनिक क्रियाकलाप भन्न<br>• हप्ताका वारहरू भन्न<br>• घडी हेरी समय बताउन<br>• भित्तेपात्रो हेरेर महिना, गते र वार बताउन |

| | | | |
|---|---|---|---|
| ३ | ज्यामितीय आकार | दुई आयामिक ज्यामितीय आकार चिन्न र बताउन | ● ज्यामितीय आकारहरू (त्रिभुज, चतुर्भुज र वृत्त) चिन्न र नाम भन्न |
| ४ | सङ्ख्याको ज्ञान | बत्तिससम्मका सङ्ख्याको अवधारणा विकास गर्न | ● बत्तिससम्मका वस्तु गन्ती गर्न<br>● बत्तिसम्मका सङ्ख्या चिन्न र भन्न<br>● समूहका वस्तु गन्ती गरी योभन्दा धेरै, योभन्दा थोरै र बराबर पत्ता लगाउन |
| ५ | वर्गीकरण | गुणका आधारमा वस्तुहरूलाई वर्गीकरण गर्न र समूह बनाउन | ● वस्तुहरूलाई तिनीहरूको गुण (जस्तै : रङ, आकार, नाप आदि) का आधारमा छुट्याउन र समूह बनाउन |

(इ) **दृश्यकला, कार्यतरिका र सिर्जनशीलता**

| **क्र.स.** | **विषयगत सिकाइका क्षेत्र** | **सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धिको विस्तृतीकरण** |
|---|---|---|---|
| १ | चित्र लेखन | विभिन्न आकृतिका चित्र निर्माण गर्न | ● चित्रमा अङ्कित विभिन्न सङ्केतहरूको अर्थ बताउन<br>● कुनै पनि वस्तुलाई सम्झेर विभिन्न आकार बनाउन<br>● अक्षर र अङ्कमा प्रयोग हुने रेखात्मक चित्रहरू चिनेर कोर्न<br>● क्षेत्र, स्थान र रङलाई वास्तविकताका आधारमा चित्रमार्फत वर्णन गर्न<br>● चित्रमा उपयुक्त सङ्केत राख्न |
| २ | माटो तथा पिठोको काम | माटो तथा पिठोबाट विभिन्न आकृति निर्माण गर्न | ● माटो तथा पिठो मुछ्न र मनपर्ने आकृति बनाउन<br>● आफूले बनाएको आकृतिको वर्णन गर्न |
| ३ | रङको प्रयोग | विभिन्न आकृति तथा वस्तुमा रङ लगाउन र पेन्टिङ गर्न | ● मनपर्दो रङलाई प्रयोग गर्न र प्राथमिकता दिई रङ लगाउन<br>● फरक फरक रङहरू छुट्याउन र प्रयोग गर्न<br>● औँला, हात, ब्रस र अन्य तरिकाबाट पेन्टिङ गर्न |

| | | | |
|---|---|---|---|
| ४ | च्याताइ, कटाइ र टँसाइ | कुनै वस्तु च्याती, काटी र टाँसी नयाँ ढाँचा निर्माण गर्न | ● कैँचीको प्रयोगमा सन्तुलन ल्याउन<br>● विभिन्न किसिमबाट वस्तुहरू च्यात्न र टाँस्न<br>● निश्चित आकारमा वस्तुहरूलाई पट्याउन, काट्न र टाँस्न प्रयास गर्न<br>● बढीभन्दा बढी वस्तुका टुक्रालाई सङ्गठित तवरले राखी आकार दिन<br>● विभिन्न डिजाइनहरू बनाउन उत्सुक हुन |
| ५ | सङ्गीत सुनाइ | सङ्गीत सुनेर मनोरञ्जन लिन | ● सक्रिय रूपले विभिन्न धुन सुन्न<br>● लय र सङ्गीतका आधारमा धुनको भिन्नता सुनेर नक्कल गर्न |
| ६ | गायन | गीत तथा सङ्गीत सुनेर गायनको अभ्यास गर्न | ● चुट्की, मुखको सिटी प्रयोग गरेर आवाज निकाल्न<br>● विभिन्न कविता तथा गीत अनुवाचन/अनुगायन गर्न<br>● विभिन्न गीतहरूबारे जानकारी राखी गाउन<br>● स्वतन्त्र/सामूहिक गीत गाउन<br>● ताल र लयअनुसार गीत गाउन<br>● स्थानीय बाजा र स्थानीय सामग्रीबाट निर्मित बाजा (जस्तै : बोतलको बिर्को, ढुङ्गा भएका बट्टाहरू) बजाएर सामूहिक ताल निकाल्न |
| ७ | नाच | गीत तथा सङ्गीतको तालमा नाच्न | ● समय र तालको आधारमा निर्देशित चाल गर्न<br>● गीत तथा सङ्गीतको तालमा स्वतन्त्र रूपमा विभिन्न चाल गर्न<br>● एकल, जोडी तथा समूहमा नाच्न |

(ई) **वरपरको वातावरण**

| **क्र.स.** | **विषयगत सिकाइका क्षेत्र** | **सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धिको विस्तृतीकरण** |
|---|---|---|---|
| १ | सजीव र निर्जीव वस्तुहरू | प्राण भएका र नभएका वस्तु चिन्न र बताउन | ● प्राण भएका र नभएका वस्तुहरू चिन्न<br>● प्राण भएका र नभएका वस्तुहरूका नाम बताउन |

| | | | |
|---|---|---|---|
| २ | बिरुवा | बिरुवाको अवलोकन गर्न र मानिससँगको सम्बन्ध बताउन | • बिरुवाको वृद्धि अवलोकन गर्न<br>• बिरुवाका पात, फूल र फल चिन्न<br>• बिउबाट बिरुवा उम्रन्छ र बढ्छ भन्ने तथ्य बताउन<br>• बिरुवाले खाना र हावा दिन्छ भनी बताउन<br>• बिरुवा र मानिसबिचको सम्बन्ध बताउन |
| ३ | जनावर र पन्छी | जनावर तथा पन्छी चिन्न र बताउन | • घरपालुवा र जङ्गली जनावर चिन्न<br>• जनावर बस्ने स्थान बताउन<br>• जमिनमा बस्ने र पानीमा बस्ने जनावरहरू छुट्याउन<br>• जनावरहरूको बच्चाको नाम बताउन<br>• घर र विद्यालय वरिपरि पाइने पन्छीहरूको नाम बताउन |
| ४ | वस्तु | वस्तुहरू चिन्न र गुण बताउन | • दैनिक प्रयोग हुने वस्तुहरू चिन्न र वर्णन गर्न<br>• तैरिने र डुब्ने वस्तुहरू छुट्याउन<br>• कडा, नरम, खस्रो, चिप्लो तथा ठोस र तरल वस्तुहरूको पहिचान गर्न |
| ५ | पानी | पानीको स्रोत र महत्त्व बताउन | • पानीका विभिन्न अवस्था र त्यसको प्रयोगबारे अवलोकन गर्न<br>• पानीको स्रोतहरू बताउन<br>• बिरुवा र जनावरका लागि पानीको महत्त्व बताउन |
| ६ | वातावरण | वरपरका वातावरणीय अवस्था बताउन | • वरिपरि सफा राख्नुपर्छ भनी बताउन<br>• फोहोर ठिक ठाउँमा फ्याँक्न<br>• बोटविरुवा, फूल रोप्न, देखाउन र रमाउन<br>• वरिपरि भएका भौगोलिक अवस्था, वनजङ्गल, खोलानाला आदिको धारणा बताउन<br>• वरिपरि भएको धुवाँ, धुलो र प्रदूषणबारे बताउन |

| | | | |
|---|---|---|---|
| ७ | मौसम | मौसमको अवलोकन गर्न र अवस्था बताउन | • दिन र रात छुट्याउन<br>• घाम लागेको, पानी परेको र हावा चलेको अवस्था बताउन<br>• मौसमअनुसार जाडो र गर्मी छुट्याउन<br>• राति आकाशमा देखिने ताराहरू र चन्द्रमाको अवलोकन गर्न<br>• गर्मी र जाडोमा लगाउने कपडा चिन्न र लगाउन<br>• मौसमअनुसारका खाना खान |
| ८ | औजार र मेसिन | दैनिक प्रयोगमा आउने औजार र मेसिनका बारेमा बताउन | • आफ्नो घरपरिवार र समुदायमा प्रयोग हुने औजार र मेसिनको नाम बताउन<br>• औजार र मेसिनहरूको सामान्य काम बताउन |
| ९ | यातायात र सञ्चार | यातायात र सञ्चारका साधनको नाम र प्रयोग बताउन | • बस, कार, साइकल, मोटरसाइकल तथा हवाईजहाज चिन्न र नाम भन्न<br>• आफ्नो ठाउँमा प्रयोग हुने विभिन्न प्रकारका यातायातका साधनहरूको काम बताउन<br>• फोन, मोबाइल, टिभी, रेडियो, कम्प्युटर जस्ता सञ्चारका साधन चिन्न र तिनीहरूको काम बताउन |

**(उ) सामाजिक सिप**

| क्र.स. | विषयगत सिकाइका क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|
| १ | घरपरिवार | घरपरिवारसम्बन्धी सामान्य जानकारी दिन | • परिवारका सदस्यहरूको नाम र नाता बताउन<br>• परिवारका सदस्यहरूको काम र पेसा भन्न<br>• परिवारका सदस्यको सङ्ख्या बताउन<br>• आफू बस्ने घरको बनोट बताउन<br>• घरका विभिन्न कोठाहरू र तिनीहरूको प्रयोगबारे बताउन |

| | | | |
|---|---|---|---|
| २ | समुदाय | आफ्नो समुदायका बारेमा बताउन | • साथीहरूको नाम बताउन<br>• छिमेकीको नाम र पेसा बताउन<br>• छिमेकी बस्ने घरको प्रकार र बनोट बताउन<br>• समुदायलाई सहयोग हुने विभिन्न पेसाकर्मी चिन्न (जस्तै : शिक्षक, किसान, सिकर्मी, डकर्मी, डाक्टर र पुलिस) |
| ३ | संस्कृति | आफ्नो र अरूको संस्कृतिको जानकारी लिन र सहभागी हुन | • परिवार, छिमेक र विद्यालयमा गरिने धार्मिक एवम् सांस्कृतिक क्रियाकलापहरूबारे बताउन<br>• पारिवारिक उत्सव तथा जन्मदिन समारोहमा गरिने क्रियाकलापबारे बताउन<br>• विभिन्न चाडपर्वमा सहभागी हुन |
| | | | • आफ्नो संस्कृति, वेशभूषा, खाना र चलनका बारेमा बताउन<br>• अरूका संस्कृति, वेशभूषा, खाना र चलनको सम्मान गर्न |
| ४ | राष्ट्र र राष्ट्रियता | आफ्नो देशप्रति गर्व गर्न | • हाम्रो देश नेपाल हो भनी बताउन<br>• राष्ट्रिय चिह्नहरू चिन्न<br>• राष्ट्रिय गान एकल तथा सामूहिक रूपमा लय मिलाएर गाउन<br>• म नेपाली हुँ भनी गर्वसाथ भन्न |

## ४ विषयक्षेत्रगत एकीकृत ढाँचाको क्षेत्र र क्रम

| क्र.सं. | विषयक्षेत्र | उपक्षेत्र | विषयवस्तुको क्षेत्र र क्रम | | | | | | | | | | | | अनुमानित दिन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधारभूत सिप सिकाइका क्षेत्र | | | | | | विषयगत सिप सिकाइका क्षेत्र | | | | | | |
| | | | शारीरिक सिप | संवेगात्मक सिप | सामाजिक, सांस्कृतिक र नैतिक सिप | बौद्धिक तथा मानसिक सिप | स्वास्थ्य, पोषण सुरक्षा र वातावरण सिप | सिर्जनात्मक सिप | भाषिक सिप | पूर्वगणितीय सिप | दृश्यकला, कार्यतरिका र सिर्जनशीलता | वरपरको वातावरण | सामाजिक सिप | |
| १ | प्रारम्भिक कक्षा | | | | | | | | | | | | | | ६ |
| २ | म, मेरो परिवार र साथी | म र मेरो शरीर | • शरीरका स्थूल अङ्गहरूको तन्दुरुस्ती, समन्वय र संयोजन<br>• सूक्ष्म मांसपेशीय अङ्गहरूको समन्वय र सञ्चालन<br>• आँखा र हातको समन्वय<br>• इन्द्रिय अङ्गहरूको प्रयोग<br>• शारीरिक सक्रियता | • आफ्नो संवेग तथा भावनाको उचित प्रतिक्रिया | असल व्यवहारसहित सञ्चार | आफ्नो शरीरको अङ्गहरूको नाम र तिनका कामका बारेमा जिज्ञासा | शरीरका अङ्गको सरसफाइ | विभिन्न चिब र ढाँचाको बर्णन | • आफ्नो परिचय<br>• शरीरका अङ्गको चिनारी | • शरीरका विभिन्न भागहरूको गनाइ (जस्तैः आँखा, कान, हात, खुट्टा औँला आदि)<br>• परिवारको सदस्य सङ्ख्या<br>• लामो छोटो र अग्लो होचो पहिचान<br>• दायाँ र बायाँ हातखुट्टा पहिचान<br>• बराबर, धेरै र थोरै पहिचान | • माटो वा पिठोबाट आकृति निर्माण<br>• माटो मुछ्न र मनपर्ने आकार निर्माण<br>• मनपर्ने रङको प्रयोग<br>• फरक फरक रङहरू छुट्याइ र प्रयोग<br>• औँला, हात, बुरुस र अन्य तरिकाको पेन्टिङ | • जाडोमा तातो र गर्मीमा चिसो हुने लुगाको पहिचान<br>• शरीरका विभिन्न अङ्गको नाम, काम र तिनको सुरक्षा | आफ्नो परिचय आदानप्रदान | ६ |
| | | म र मेरो साथी | • साथी साथी समूह निर्माण तथा भित्री र बाहिरी खेल खेलाइ (छुन, अँगालो मार्न, खेल खेल्न) | • साथीका घरपरिवारसँग घुलमिल<br>• साथीको भावना | • साथीसाथीबिच असल व्यवहार | • साथीहरूको नाम, साथीको चिनाइ | • आफू र अरूको शरीरको समानता र भिन्नता | • विभिन्न चित्र र ढाँचाहरूको अवलोकन | • साथीसँगको छोटो तर अर्थपूर्ण वाक्य प्रयोगसहतिको दोहोरो कुराकानी<br>• साथीसँगको प्रतिक्रिया आदानप्रदान | • साथीहरूको सङ्ख्या<br>• साथीको समूहबाट धेरै थोरै<br>• अगाडि र पछाडि, दायाँ र बायाँका साथी र वस्तु पहिचान<br>• अग्लो र होचो साथी पहिचान | • साथीसँग भएका सामग्रीको नाम पहिचान र चित्र निर्माण | • सजीव र निर्जीव वस्तुहरू | आफ्नो र साथीको परिचय आदानप्रदान | ६ |
| | | म र मेरो परिवार | • परिवारमा हुने क्रियाकलापमा सहभागिता र सहयोग (भान्सा सामानहरू दिएर सहयोग गर्न)<br>• परिवार सदस्यसँग खेल खेलाइ | • परिवारमा हुने रमाइला क्षण र दुःखका क्षणको अनुभूति, रमाइला क्षण र संवेगको प्रस्तुति | • आमाबुबाको नाम र नाता<br>• परिवारका सदस्यहरूको नाम र नाता | • आफ्नो परिवारका बारेमा छोटो कुराकानी<br>• परिवारका विचारसँगसहमति वा असहमति | • व्यक्तिगत सुरक्षाका उपायहरू | • परिवारका सदस्यको आवाज नक्कल | • परिवारका नाता बुझिने चित्र पहिचान र नाता पहिचान<br>• घर परिवारमा प्रयोग हुने आवश्यक शब्द र वाक्यहरूको स्पष्टसँग उच्चारण<br>• परिवारका सदस्यसँगको प्रतिक्रिया | • परिवारका सदस्यको सङ्ख्या<br>• घरभित्र र बाहिरका वस्तु पहिचान<br>• मोटो र मसिनो वस्तु पहिचान<br>• नाताअनुसार परिवारका सदस्यको क्रम | • आफ्नो घर परिवारमा भएका सामग्रीको पहिचान र चित्र निर्माण<br>• चित्र कोराइ र रङ भराइ | • आफ्नो घरवरिपरि रहेका हिमाल, पहाड, वन जङ्गल, खोला नाला आदि<br>• घरपालुवा जनावरको चिनारी | • परिवारका सदस्यहरूको नाम र नाता वर्णन<br>• परिवारका सदस्यहरूको काम र पेसा वर्णन | ६ |
| ३ | मेरो ठाउँ | मेरो विद्यालय | • विद्यालयमा हुने दैनिक शारीरिक विकासका क्रियाकलाप | • संवेग पहिचान र प्रकट | • कक्षाकोठाका सामानको उचित प्रयोग र हिफाजत | • विद्यालयमा भएका सामग्री | • पोषणसम्वन्धी सचेता र पोषिलो खाना | • विभिन्न आकृति निर्माण र वर्णन | • विद्यालयसम्बन्धी छलफलको ध्यानसहितको सुनाइ<br>• पुस्तकालयका किताबका चित्र छलफल<br>• बाल कथाको सुनाइ र अभिव्यक्ति | • विद्यालयको आकार<br>• विद्यालयभित्रको वस्तु वर्गीकरण<br>• अङ्क चिनारी<br>• विद्यालय भित्र र बाहिरका वस्तु पहिचान<br>• तल र माथि रहेका वस्तु पहिचान | • विद्यालय वरिपरि भएका दृश्यका बारेमा कुराकानी | • विद्यालयमा हुने फोहोर उचित ठाउँमा व्यवस्थापन<br>• विद्यालयमा भएको विद्युतीयलगायतका सामाग्री चिनारी | | ६ |

| क्र.सं. | विषयक्षेत्र | उपक्षेत्र | विषयवस्तुको क्षेत्र र क्रम | | | | | | | | | | | | अनुमानित दिन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधारभूत सिप सिकाइका क्षेत्र | | | | | | विषयगत सिप सिकाइका क्षेत्र | | | | | | |
| | | | शारीरिक सिप | संवेगात्मक सिप | सामाजिक, सांस्कृतिक र नैतिक सिप | बौद्धिक तथा मानसिक सिप | स्वास्थ्य, पोषण सुरक्षा र वातावरण सिप | सिर्जनात्मक सिप | भाषिक सिप | पूर्वगणितीय सिप | दृश्यकला, कार्यतरिका र सिर्जनशीलता | वरपरको वातावरण | सामाजिक सिप | |
| | | घर | • विभिन्न खेल खेलाइ | • घरमा सुरक्षा हुन्छ भन्ने भावना विकास | • घरको महत्त्व<br>• घरभित्र तथा वरिपरिको फोहोर व्यवस्थापन<br>• घरायसी सामानको जतन<br>• घरको सरसफाइमा सहयोग | • घरको प्रकार, बनोट तथा सामग्री | • व्यक्तिगत तथा वातावरणीय सुरक्षा | • घरको चित्र निर्माण | • घरसम्बन्धी विषयवस्तुहरू सुनाइ<br>• घरका बारेमा कुराकानी<br>• घरको बनावट र प्रकारका बारेमा छलफल | • घरको किसिम र प्रकार<br>• घरको झ्यालढोकाको आकार<br>• घरमा ढुङ्गा इँटाका आकार वा ढाँचा छलफल<br>• विभिन्न प्रकारका घरको वर्गीकरण | • घरसम्बन्धी चित्र निर्माण<br>• माटो तथा पिठोबाट विभिन्न आकृति निर्माण | • फोहोर तथा सफा घरको वातावरण वर्णन<br>• घरको वरिपरिको खेतमा बोटबिरुवा पहिचान | • आफू बस्ने घरको बनोट<br>• घरका विभिन्न कोठाहरू र त्यहाँ गर्ने काम<br>• छिमेकी बस्ने घरको प्रकार र बनोट | ६ |
| | | भौगोलिक परिवेश (हिमाल, पहाड, तराई, वनजङ्गल, तालतलैया, खोलानाला, माटो, ढुङ्गा, जडीबुटी, गुफा) | • माटो, ढुङ्गा आदिको प्रयोगसहित विभिन्न आकारप्रकार निर्माण | • वरपरका जीवजनावर तथा बोटविरुवाको स्याहार र सुरक्षा | • ठाउँअनुसारको चालचलन कदर, वरपर वातावरणमा समायोजन र आफ्नो ठाउँको माया | • आफ्नो वरिपरिको वातावरणपहिचान | • व्यक्तिगत तथा वातावरणीय सरसफाइ | • विभिन्न परिवेशको चित्र निर्माण | • भौगोलिक वातावरणका बारेमा कुराकानी<br>• हिमाल, पहाड र तराईको जमिनसम्बन्धी छलफल<br>• कथा, कविता र गीत गायन | • जमिन वरिपरिका वस्तु गनाइ<br>• जमिनको आकार<br>• औँलाले माटो, पानी र बालुवामा अङ्क लेखाइ | • हिमाल, पहाड, तराई, वनजङ्गल, तालतलैया, खोलानाला, माटो, ढुङ्गा, जडीबुटी, गुफा आदिका चित्रमा रङ भराइ | • आफ्नो समुदायमा रहेको भौगोलिक परिवेश (हिमाल, पहाड, तराई, नजिकका खोलानाला, जङ्गल आदि) का बारेमा वर्णन | • आफ्नो वरपर रहेका समथर, होचो र अग्लो स्थान, खोलानाला, जङ्गल आदिको चिनारी | १२ |
| | | पेसा र व्यवसाय (खेतीपाती, शिक्षण आदि) | • पेसा, व्यवसायसँग सम्बिन्धत व्यक्तिको हाउभाउ र नक्कल | • पेसाअनुसार अभिनय, जस्तै : मास्टर, डाक्टर, कृषक, आदि समुदायका पेसाको सम्मान | • खेतीपातीको महत्व र रोपाइँलगायतका कार्य<br>• विभिन्न पेसाको महत्व र पेसा व्यवसायका कार्यमा आफ्नो क्षमताअनुसार सहयोग | • विभिन्न पेसा पहिचान र सोका बारेमा वर्णन | • फोहोरको उचित व्यवस्थापन | • विभिन्न पेसाको अभिनय | • पेसा, व्यवसाय र खेतीपातीको कथाको सुनाइ<br>• सही तरिकाले वर्ण उच्चारण | • अन्न तथा बिउबिजनको गनाइ<br>• मानिस र जीवजनावर गनाइ<br>• खेतीपातीमा प्रयोग हुने औजारको आकारप्रकार ढाँचा | • सामानहरूको हेराइ र काम | • पेसा, व्यवसाय र खेतीपातीको पहिचान र वर्णन<br>• विभिन्न प्रकारका रङको पहिचान<br>• अन्न, पानी, माटो तथा मलखादको सम्बन्ध वर्णन | • छिमेकीको नाम र पेसा<br>• समुदायलाई सहयोय पुऱ्याउने विभिन्न पेसाकर्मीको पहिचान | ९ |
| ४ | समय | घडी | • घडीको सुईको खेल खेलाइ | • समय चिनेर खुसी | • घडीको हेरचाह तथा जतन<br>• साथीहरूसँग मिलेर घडी हेराइ<br>• घडीअनुसार समूहमा क्रियाकलाप<br>• समयको सङ्केत | • घडीका प्रकार<br>• घडीको समय र दैनिकी | • खाना खाने समय<br>• विद्यालय पुग्ने समय<br>• सुत्ने समय | • घडीको चित्र निर्माण | • घडी हेरी समयको जानकारी<br>• घडीको प्रकारका<br>• घडीसँग सम्बन्धित शब्दहरूको उच्चारण<br>• घडीसम्बन्धी कथा | • सयमअनुसारका दैनिक क्रियाकलाप<br>• घडी हेरी घण्टामा समय | • विभिन्न आकारका घडीको चित्र निर्माण | • घडीको गति बुझाइ<br>• घडी चल्ने प्रविधिको वर्णन | | ६ |
| | | वार र महिना | • हप्ताका वारका गीतमा वा नाच र ताली | | • हप्ता र वार  हुने क्रियाकलाप<br>• आफ्नो साथीको जन्मदिन<br>• विद्यालय आउने र छुट्टी हुने दिन | • महिना र सात वार<br>• क्यालेन्डर उपयोगिताबताउन<br>• भित्तेपात्रोको उपयोग | • दैनिक  सरसफाइ<br>• मौसमअनुसारको पहिरन | | • महिनासहित सात वारको जानकारी<br>• एकपछिका दिनहरूको क्तमशः भनाइ | • पहिलोदेखि सातौँ वारसम्म गनाइ<br>• महिना, गते र वास | | • रात र दिनको विशेषता वर्णन<br>• दिनमा गरिने कामको वर्णन<br>• हप्ता र महिनामा भएका कुराको स्मरण | | ६ |

| क्र.सं. | विषयक्षेत्र | उपक्षेत्र | विषयवस्तुको क्षेत्र र क्रम | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधारभूत सिप सिकाइका क्षेत्र | | | | | | विषयगत सिप सिकाइका क्षेत्र | | | | | |
| | | | शारीरिक सिप | संवेगात्मक सिप | सामाजिक, सांस्कृतिक र नैतिक सिप | बौद्धिक तथा मानसिक सिप | स्वास्थ्य, पोषण सुरक्षा र वातावरण सिप | सिर्जनात्मक सिप | भाषिक सिप | पूर्वगणितीय सिप | दृश्यकला, कार्यतरिका र सिर्जनशीलता | वरपरको वातावरण | सामाजिक सिप | अनुमानित दिन |
| | | मौसम | • मौसमअनुसारको अभिनय | • मौसमको चिनारी<br>• चिसो र गर्मीको अनुभव | • विभिन्न मौसममा हुने क्रियाकलाप पहिचान<br>• घरमा भएका मौसमअनुसार वस्तुको (लुगा, कपडा र जुत्ता) तयारी<br>• मौसमअनुसारको खानेकुराको उपयोगिता | • मौसमहरू पहिचान<br>• मौसमअनुसार मनाइने चाडबाड | • मौसमअनुसार व्यक्तिगत सुरक्षा | • मौसमअनुसारका लुगाका चित्र निर्माण र रङ भराइ | • चारओटा मौसमका नामको जानकारी<br>• मौसमअनुसार मनाइने चाडबाडको नाम<br>• मौसमका विषयवस्तुसम्बन्धी छलफल | • मौसमका प्रकारको गणना<br>• विभिन्न मौसमको चित्रमा जोडा मिलान र वर्गीकरण | • मौसमको पहिचान<br>• विभिन्न मौसमका चित्र निर्माण र रङ भराइ | • मौसमअनुसार पाइने फलफूल तथा तरकारीको जानकारी<br>• वरिपरिको प्रकृति अवलोकन र वस्तुहरू सङ्कलन<br>• आजको मौसम र अवस्थाको वर्णन | मौसमअनुसारका लुगाको किनमेल | ६ |
| ५ | हाम्रो संस्कृति | चाडपर्व | • चाडपर्वमा गरिने क्रियाकलापको नक्कल | • समुदायमा मानिने चाडपर्वमा सहभागिता र भावनाको अभिव्यक्ति<br>• फरक फरक अवस्थामा फरक फरक व्यवहार प्रदर्शन | • समुदायमा मनाइने सबै चाडवाडको कदर<br>• समाजको विविध क्रियाकलापमा सहभागिता | • आफू र साथीहरूका रीतिरिवाज, संस्कृति र धर्म<br>• चाडवाडमा खाने खानेकुराहरूको स्वाद | • स्वास्थकर बानी | • चाडपर्वमा अभिनय | • चाडबाडसम्बन्धी कुराकानी<br>• गीत गायन, कथा छलफल | • वस्तु, बेलुन, मानिस आदि गनाइ र वर्गीकरण<br>• खाने वस्तु र चित्रको ढाँचा मिलान | • चाडपर्वमा गरिने क्रियाकलापको अवलोकन<br>• विभिन्न रङका बेलुन, चङ्गा आदि पहिचान | • चाडपर्व मनाउँदा खाने विभिन्न खानेकुराको स्रोत | • परिवार, छिमेक र विद्यालयमा गरिने सांस्कृतिक, धार्मिक क्रियाकलापहरू<br>• पारिवारिक उत्सव तथा जन्मदिन समारोहमा गरिने क्रियाकलाप<br>• आफ्नो संस्कृतिको वर्णन<br>• अरूका संस्कृति, वेशभूषा, खाना र चलनको सम्मान | ६ |
| | | स्थानीय बाजाहरू | • विभिन्न स्थानीय बाजाहरू बजाउँदा गरिने हाउभाउको नक्कल | • बाजाहरूको तालमा नचाइ, गायन र मनोरञ्जन | • विभिन्न समारोहमा बजाइने बाजा | • बाजाहरू बजाइने चाडपर्वहरूको पहिचान | • सुरक्षित किसिमले बाजा बजाइ | • बाजा बजाइ र नचाइ | • स्थानीय बाजाहरूको नाम | • स्थानीय बाजाको प्रकार र तिनको गनाइ | • स्थानीय बाजाहरू पहिचान र वर्णन तथा चित्र कोराइ र रङ भराइ | • स्थानीय परिवेशअनुसार बजाइने बाजा | • स्थानीय परिवेशअनुसार बजाइने बाजाको पहिचान र वर्णन | ६ |
| | | हाम्रो खाना | • हातले वा चम्चाद्वारा खाना खुवाइ | • खाना खाँदा खुसी र दुःखी हुने अवस्था | • ठिक तरिकाले खाना खाने बानी (नफ्याँक्ने, नपोख्ने, हात धोएर खाने) | • नियमित खाना खाने बानी (बिहान, दिउँसो, बेलुका)<br>• सफा र फोहोर, पोषिलो र अल्पपोषक खानाका पहिचान | • खानाका परिकारहरू | | • नियमित खाने खानेकुराहरूको नाम | • खानाका वर्गीकरण | • खानाको परिकार पहिचान र वर्णन<br>• माटो तथा पिठोको प्रयोग गरी खानेकुराका विभिन्न आकृति निर्माण | • वातावरणबाट पाइने खानेकुरा<br>• शाकाहारी र मांसाहारी खानेकुरा पहिचान | • आफूले खाने खानाको वर्णन<br>• अरूका संस्कृति, खाना र चलनको सम्मान | ६ |
| | | हाम्रो वेशभूषा | • विभिन्न वेशभूषा सहितको अभिनय प्रदर्शन | • वेशभूषाअनुसारको भावना | • जातिअनुसारको वेशभूषा पहिचान | • नेपाली वेशभूषा | • शरीरअनुसारको वेशभूषा | • वेशभूषाको नक्कल | • स्थानीय वेशभूषासम्बन्धी जानकारी | • वेशभूषाको गन्ती | • वेशभूषा पहिचान र वर्णन | • हिमाल, पहाड र तराईमा वेशभूषा फरक हुने कुराको बुझाइ | • स्थानीय वेशभूषा, वर्णन<br>• अरूका संस्कृति, वेशभूषाको सम्मान | ९ |

| क्र.सं. | विषयक्षेत्र | उपक्षेत्र | विषयवस्तुको क्षेत्र र क्रम | | | | | | | | | | | अनुमानित दिन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधारभूत सिप सिकाइका क्षेत्र | | | | | | विषयगत सिप सिकाइका क्षेत्र | | | | | |
| | | | शारीरिक सिप | संवेगात्मक सिप | सामाजिक, सांस्कृतिक र नैतिक सिप | बौद्धिक तथा मानसिक सिप | स्वास्थ्य, पोषण सुरक्षा र वातावरण सिप | सिर्जनात्मक सिप | भाषिक सिप | पूर्वगणितीय सिप | दृश्यकला, कार्यतरिका र सिर्जनशीलता | वरपरको वातावरण | सामाजिक सिप | |
| ६ | यातायात/सञ्चार | यातायातका साधन | • विभिन्न यातायातका साधनको चालको नक्कल | • गाडी चड्दाको खुसी | • ठाउँअनुसार प्रयोग हुने यातायातका साधनहरूको जानकारी | • यातायातका साधनको उपयोगिता | • यातायात र सचारबाट सुरक्षा | • यातायातका साधनमा रङ भर्ने | • यातायातका साधनहरूको नाम | • यातायातका साधनहरूको गन्ती | • यातायात साधनको पहिचान<br>• माटो तथा पिठोको प्रयोग गरी विभिन्न यातायातका साधनको आकृति निर्माण | • यातायातका साधनको बनोट | | ६ |
| | | सञ्चार र प्रविधि | • सञ्चारका साधनको प्रयोगको अभिनय | • भनेका कुराको मनन गर्ने बानी | • सञ्चारको माध्यमको प्रयोग | • सूचना प्रवाहका माध्यम | • सञ्चार र प्रविधिको सुरक्षित प्रयोग | • सञ्चार र प्रविधिका साधनमा रङ भराइ | • सञ्चारका साधनको नाम<br>• सञ्चारका साधनको महत्त्व | • सञ्चारका साधनहरू गणना | • सञ्चारका साधनको प्रयोग गरी सङ्गीतको सुनाइ | • सौर्यशक्ति र पानीबाट चल्ने सामग्रीहरू<br>• बिजुलीबाट चल्ने सामग्रीहरू<br>• फोन, टिभी, रेडियो, कम्प्युटर जस्ता सञ्चारका साधन चिनेर तिनीहरूको प्रयोग | सञ्चारका साधनहरूको प्रयोग गरी कुराकानी | ६ |
| | | ट्राफिक नियम | • ट्राफिक प्रहरीको नक्कल | • ट्राफिकको ड्रेस लगाउँदा खुसी भई अभिनय | • ट्राफिक नियमको पालना<br>• ट्राफिक पुलिसको महत्त्व | • ट्राफिक नियम र सङ्केत | | | • ट्राफिक सङ्केतको जानकारी | | • ट्राफिक लाइटको रङ पहिचान<br>• ट्राफिक नियमको गीत गायन तथा नचाइ | • जेब्रा क्रसिङको पहिचान | | ९ |
| ७ | वातावरण | बोटबिरुवा (झार, बोट बुट्यान, रुख, लहरे बोट, फलफूल र तरकारी) | • दाउरा घाँस बोकेको अभिनय | • बोटबिरुवालाई माया गर्नुपर्छ, हेरचाह गर्नुपर्छ भन्ने भावनाको विकास र सोअनुसार व्यवहार | • वरपरको फोहोरलाई सफा गर्ने प्रयास<br>• स्थानीय फलफूलको उपयोग<br>• घर र विद्यालय वरिपरिका बोटबिरुवामा पानीको सिँचाइ<br>• निश्चित ठाउँमा फोहोर फ्याँक्ने तथा थुपार्ने बानी | • वरपरको वातावरणको सरसफाइप्रति सचेतता<br>• फलफूलको उपयोगिता | • फलफुल र तरकारीको उपयोगिता | • बोटबिरुवा, फलफूल र तरकारीको चित्रमा रङ भराइ | • फोहोर वातावरणबाट स्वास्थ्यमा पर्ने असर<br>• बोटबिरुवाको नाम<br>• बोट, रुख, फूल, काँडा र जरासम्बन्धी छलफल<br>• फलफूलसम्बन्धी कथा | • बोटबिरुवा र फलफूलका विभिन्न आकार निर्माण<br>• कागजको प्रयोग गरी विभिन्न आकृति निर्माण | • बोटबिरुवाको पहिचान | • जीव/निर्जीव वस्तुहरू पहिचान/विशेषता वर्णन<br>• बिरुवाको वृद्धि अवलोकन तथा बिरुवा र मानिसबिचको सम्बन्ध पहिचान | | १५ |
| | | औजार मेसिन | • औजार तथा मेसिन प्रयोग विधिको नक्कल | • औजार र मेसिनसँग सुरक्षा र होसियारी | • औजार र मेसिन पाउने ठाउँ र बनाउने व्यक्तिको पहिचान | • औजार र मेसिनको नाम र काम | • औजार र मेसिनबाट सुरक्षा | • औजार र मेसिनको चित्रमा रङ भराइ | • आफ्नो परिवारमा प्रयोग हुने विभिन्न औजार र मेसिनहरूको नाम | • औजार र मेसिनको सङ्ख्या | • विभिन्न घरायसी मेसिन र औजारहरूको चित्र निर्माण | • भित्री र बाहिरी वातावरणमा प्रयोग हुने औजारबारे परिचित | | ६ |

| क्र.सं. | विषयक्षेत्र | उपक्षेत्र | विषयवस्तुको क्षेत्र र क्रम | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधारभूत सिप सिकाइका क्षेत्र | | | | | | विषयगत सिप सिकाइका क्षेत्र | | | | | |
| | | | शारीरिक सिप | संवेगात्मक सिप | सामाजिक, सांस्कृतिक र नैतिक सिप | बौद्धिक तथा मानसिक सिप | स्वास्थ्य, पोषण सुरक्षा र वातावरण सिप | सिर्जनात्मक सिप | भाषिक सिप | पूर्वगणितीय सिप | दृश्यकला, कार्यतरिका र सिर्जनशीलता | वरपरको वातावरण | सामाजिक सिप | अनुमानित दिन |
| | | जनावर | • जनावरहरूको नक्कल | • जङ्गली जनावरहरू देख्दाको अनुभूति | • घरपालुवा र जङ्गली जनावरको वासस्थान | • घरपालुवा र जङ्गली जनावरको नाम | • घरपालुवा र जङ्गली जनावरबाट सुरक्षा | • घरपालुवा र जङ्गली जनावरका चित्रमा रङ भराइ | • जनावरहरूको आवाज नक्कल | • स्थानीय जनावरहरूको गणना<br>• सानो ठुलो जनावरको पहिचान | • जनावरको चित्र चिनेर नाम पहिचान | • जनावर बस्ने ठाउँको वर्णन | | ९ |
| | | चराचुरुङ्गी | • चराचुरुङ्गी उडाइको हाउभाउ प्रदर्शन | • चराचुरुङ्गीलाई माया गर्नुपर्छ भन्ने भावना विकास | • समूहमा बस्ने चराचुरुङ्गीसित परिचित | • विभिन्न किसिमका चराचुरुङ्गीसँग परिचित | • विभिन्न किसिमका चराचुरुङ्गीसँग सुरक्षा | • चराचुरुङ्गीको चित्रमा रङ भराइ | • चराहरूका नाम | • स्थानीय चराहरूको गणनासहित नाम | • चराको चित्र हेरेर पहिचान गर्न | • चराहरूको वासस्थानको | | ६ |
| | | किराफट्याङ्ग्रा | • विभिन्न किराफट्याङ्ग्राको नक्कल | • किराफट्याङ्ग्रासँग सतर्क रहने बानी | • किराहरूको समूह पहिचान<br>• किराहरूबाट विभिन्न सिप विकास | • हाम्रो घरवरिपरि हुने किराहरूको नाम र स्वरूप | • हाम्रो घरवरिपरि हुने किराहरूसँग सुरक्षा | • हाम्रो घरवरिपरि हुने किराहरूको चित्रमा रङ भराइ | • किराहरू बस्ने ठाउँको र किराहरूको नाम | • किराफट्याङ्ग्राको समूहको आधारमा धेरै वा थोरैको जानकारी | • किराहरु हेरी चित्र निर्माण र चित्र हेरी किराहरू पहिचान | • उपयोगी किराहरूको वर्णन | | ६ |
| | | पानी | • पौडी खेलाइको नक्कल र अभ्यास | • तिर्खा लाग्दाको अनुभूति | • पानीको महत्त्व र उपयोगिता<br>• पानीका स्रोत<br>• पानीको उचित प्रयोग | • पानीको स्रोतका बारेमा बताउन | • पानीबाट सुरक्षित रहने बानी (पोखरी, खोलालगायत) | • पानी र रङ मिसाई चित्रमा रङ भर्ने कला | • पानीसम्बन्धी कथा, गीत र कविता गायन<br>• औँलाले पानीमा अक्षरको आकार लेखाइ | • पानीको मात्रा मापन<br>• खोला, कुवा र पोखरीको आकार तथा प्रकारसम्बन्धी छलफल | • पानीको स्रोतको चित्र हेरी वर्णन | • समुदायमा रहेका पानीका स्रोतको वर्णन<br>• पानीको प्रयोगको वर्णन<br>• पानीलाई सफा राख्ने तरिका वर्णन | | ६ |
| | | वस्तु र पदार्थ | • सानासाना वस्तुको ओसारपसार | • वस्तु पानीमा तैरेर बगेको हेरेर मनोरञ्जन | • आफ्नो वरिपरि भएको वस्तु र पदार्थसँग घुलमिल | • वस्तु र पदार्थको पहिचान | • वस्तु र पदार्थबाट सुरक्षा | • माटो र पिठोबाट सामग्री निर्माण<br>• वस्तुका चित्रमा रङ भर्ने कला | • वस्तु र पदार्थको नाम | • वस्तु र पदार्थको आकारप्रकार<br>• धेरै थोरैको जानकारी | | • उत्रने र डुब्ने वस्तु तथा पदार्थ पहिचान | | ६ |
| ८ | हाम्रो पहिचान | भाषा | • हाउभाउसहित आफ्नो भाषामा गीत गायन | • विभिन्नको अभिव्यक्ति सुनाइ र भावना व्यक्त | • भाषाहरूको विविधता<br>• स्थानीय भाषामा आफ्नो विचार व्यक्त | • मातृभाषामा संवाद | • सबैका भाषाको सम्मान | • आफ्नो मातृभाषामा गीत गायन | • मातृभाषाको प्रयोग गरी बोल्न | • अक्षर गनाइ | • अक्षरका डिजाइन | | • सबैका भाषाको सम्मान र आफ्नो मातृभाषाको प्रयोग | ३ |
| | | मुद्रा | • पैसाको खेल खेलाइ | • मितव्ययिताको भावना | • सामाजिक कामकाजमा पैसाको प्रयोग | • पैसाको महत्त्व र आवश्यकता बताउन | • रुपियाँ र पैसाको सुरक्षा | • पैसाको ट्रेस<br>• **नोटको चित्रमा रङ भराइ** | • विभिन्न नोट तथा सिक्काको जानकारी | • नोट तथा सिक्का पहिचान र वर्गीकरण | | | | ३ |
| | | राष्ट्रिय गान | • राष्ट्रिय गान गाउँदाको अवस्था अभिनय | • राष्ट्रप्रतिको माया, ममता र भावना विकास | • राष्ट्रिय गान समूहमा गाउने | • राष्ट्रिय गान गाइने समय | | • राष्ट्रिय गान गाउँदाको अवस्था हाउभाउ | • राष्ट्रिय गान गायन | | | | • राष्ट्रिय गानप्रति सम्मान<br>• राष्ट्रिय गान गायन | ३ |
| | | राष्ट्रिय चिह्न र झन्डा | • राष्ट्रिय झन्डा बोकेको अभिनय | • राष्ट्रिय चिह्न र झन्डाको माया र सुरक्षित राख्ने भावना विकास | | • राष्ट्रिय चिहनको नाम | | • राष्ट्रिय चिहनमा रङ भराइ | • राष्ट्रिय चिह्नका नाम<br>• राष्ट्रिय चिह्न हेरी तिनीहरूका बारेमा वर्णन | | | | • राष्ट्रिय चिहनका नाम वर्णन<br>• राष्ट्रिय चिह्न हेरी तिनीहरूका बारेमा वर्णन | ६ |
| जम्मा | | | | | | | | | | | | | | १९२ |

## ५. सिकाइ सहजीकरण प्रक्रिया

प्रारम्भिक बालविकासमा पढाइ एवम् लेखाइमा भन्दा पनि बालबालिकाको समग्र विकास, स्याहार तथा सुरक्षामा जोड दिनुपर्छ। प्रारम्भिक बालशिक्षाको सिकाइ क्रियाकलापहरू अनौपचारिक रूपले बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताको आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने किसिमले सञ्चालन गर्नुपर्ने हुन्छ। बालबालिकाको विविधतालाई ध्यानमा राखेर उनीहरूको सिकाइलाई प्रोत्साहन गर्नुपर्छ। खेल, गीत, कविता, कथा कथन, प्रदर्शन एवम् श्रव्यदृश्य सामग्रीको प्रदर्शनमार्फत सिकाइका क्रियाकलापहरू सञ्चालन गर्नुपर्छ। यसका अतिरिक्त अवलोकन, समूहकार्य, परियोजना कार्य, छलफल जस्ता विधिहरूअन्तर्गतका क्रियाकलापहरूका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनुपर्छ। बालबालिकाको सर्वाङ्गीण विकासका निम्ति विद्यालयमा गरिने क्रियाकलापका अतिरिक्त घरमा गरिने क्रियाकलापहरूमा अभिभावकको सहयोग र संलग्नतालाई समेत सुनिश्चित गर्नुपर्छ। सिकाइ सहजीकरणका क्रममा देहायका पक्षमा ध्यान दिनुपर्ने छ :

### (क) विषयवस्तुमा आधारित एकीकृत सिकाइ विधि

बालबालिकाले आफ्नै वातावरणबाट कुनै पनि विषयवस्तु लिई उनीहरूको विकासक्रमअनुरूप सुनियोजित र शृङ्खलाबद्ध गर्ने सिकाइ नै विषयवस्तुमा आधारित एकीकृत सिकाइ हो। यसमा बालबालिकाले दैनिक परिवेशमा देख्दै आएका र आफ्नै वरपर समावेश भएका विषयवस्तुबाट सिकाइको सुरुआत गर्छन्। यसमा एउटा खास विषय लिएर छलफल र विभिन्न विधिको प्रयोगले विभिन्न विषयको ज्ञान सिकाइन्छ। यो सरलबाट जटिलतर्फको सिकाइ प्रक्रिया हो। यसमा कुनै पनि विषयवस्तुलाई सरल तरिकाले विभिन्न विधिको प्रयोग गरी छलफल गर्नुपर्छ र बालबालिकाको विकास तथा सिकाइलाई क्रमशः सुदृढ गर्दै लैजानुपर्छ।

(ख) **दैनिक कार्यतालिका सञ्चालन विधि**

विद्यालयले दिएको दैनिक कार्य तालिकालाई आवश्यकता एवम् स्थानीय परिवेशका आधारमा समायोजन गरी कार्यान्वयन गर्न सक्ने छ। वर्षभरिमा १९२ दिन पठनपाठन सञ्चालन हुने भएकाले बालबालिकाले न्यूनतम ८३२ घण्टा समय विद्यालय वा प्रारम्भिक बालशिक्षा केन्द्रमा बिताउने छन्। प्रारम्भिक बालशिक्षाका बालबालिकालाई दैनिक कम्तीमा १ घण्टा आराम र स्वतन्त्र रूपमा खेल्नका लागि छुट्याउनुपर्ने छ।

बालबालिकालाई दैनिक रूपमा क्रियाकलापमा आधारित सिकाइ गर्नका लागि दैनिक कार्यतालिका तयार गरिएको छ। यसबाट शिक्षकलाई दिनभरि एकीकृत रूपमा कक्षा शिक्षण गरी सहजीकरण सिकाइ उपलब्धि सहज रूपमा प्राप्त गर्न सकिन्छ। दैनिक कार्यतालिकाको आधारमा दिनभरि गरिने क्रियाकलापलाई व्यवस्थित गरी योजना तयार गर्नुपर्छ। विषयवस्तुको चयन, तोकिएको न्यूनतम वातावरणको तयारी र शिक्षण सामग्रीसहितको पाठयोजना शिक्षकको साथमा हुनुपर्छ ।

**दैनिक कार्यतालिका**

| क्र.स. | क्रियाकलाप | समय | क्रियाकलाप विस्तृतमा |
|---|---|---|---|
| १ | सुरुआत | १५ मि. | ● केन्द्रमा स्वागत, खाजा र झोला तोकिएको ठाउँमा राख्ने, शौचालय जाने तथा जुत्ताचप्पल उपयुक्त ठाँउमा राख्ने<br>● सरसफाइ अवलोकन र आवश्यकताअनुरूप सरसफाइका लागि सहयोग गर्ने<br>● शिष्टाचार, प्रार्थना र ध्यान गर्ने गराउने। |
| २ | केन्द्र प्रवेश/ सामाजिकीकरण | ३० मि. | ● हाजिरी<br>● दिन, वार र मौसमतालिका मिलाउने र तीसँग सम्बन्धित गीत, खेल खेलाउने वा शिष्टाचार गीत खेल खेलाउने<br>● घेरा समय (साधारण छलफल, अनुभव आदानप्रदान)। |

| | | | |
|---|---|---|---|
| ३ | विषय प्रवेश/ विषयवस्तुमा आधारित योजनाबद्ध सामूहिक क्रियाकलाप | ६० मि. | • शीर्षकगत गीत/कथा/कविता<br>• शीर्षकगत विषयवस्तुमा छलफल, अनुभव आदानप्रदान, धारणा प्रस्ट्याउने, क्रियाकलापका लागि निर्देशन<br>• ससाना समूह बनाई सिकाइ क्षेत्रको क्रियाकलाप<br>• क्रियाकलापको पुनरवलोकन र थप आवश्यक सहयोग र निर्देशन । |
| ४ | आराम | ३० मि. | • सुताउने, आरामले बस्न दिने वा शान्तिपूर्वक सिकाइ क्षेत्रमा खेल्न दिने |
| ५ | खाजा समय | ३० मि. | • स्वास्थ्य/नैतिक सन्देश<br>• हात धुने र खाजा खान दिने |
| ६ | स्वतन्त्र खेल | १५ मि. | • इच्छाअनुसार भित्र तथा बाहिर स्वतन्त्र रूपले खेल्न दिने |
| ७ | सङ्गीत/अभिनय/खेल | १५ मि. | • विषयसँग सम्बन्धित कुनै पनि गीत/अभिनय गर्न दिने/खेल खेल्न दिने |
| ८ | विषयवस्तुमा आधारित योजनाबद्ध क्रियाकलाप | ६० मि. | • ससाना समूह बनाई सिकाइ क्षेत्रको क्रियाकलापको पुनरवलोकन र थप आवश्यक सहयोग गर्ने |
| ९ | पुनरवलोकन | १५ मि. | • दिनभरिका क्रियाकलापको समीक्षा/छलफल/पृष्ठपोषण<br>• अर्को दिनका लागि आवश्यक निर्देशन<br>• बिदाइ गीत<br>• सरसामान यथास्थानमा राख्ने र अभिभावक लिन आएमा जान दिने |
| जम्मा ४ घण्टा ३० मिनेट | | | |

द्रष्टव्य :

१. यसबाहेक प्रारम्भिक बालविकास शिक्षकले कक्षा सुरु हुनुभन्दा कम्तीमा ३० मिनेट अगाडि पुगेर कक्षा व्यवस्थापन गर्ने र कक्षा समापनपछि कम्तीमा १ घण्टा भोलिका क्रियाकलापको तयारीका लागि समय छुट्याउनुपर्छ ।

२. बुँदा नं. ३ र ८ का क्रियाकलाप सञ्चालन गर्दा सामूहिक, सानो समूह र व्यक्तिगत रूपमा गर्नुपर्छ ।

## ६. मूल्याङ्कन प्रक्रिया

प्रारम्भिक बालशिक्षामा बालबालिकाको मूल्याङ्कन गर्दा अनौपचारिक रूपले उनीहरूको दैनिक क्रियाकलापलाई निरन्तर अवलोकन गरी विकास तथा सिकाइको अभिलेखीकरण गर्नुपर्ने छ। प्रारम्भिक बालविकास उमेरका बालबालिकाको मूल्याङ्कन निरन्तर रूपमा हुनुपर्ने छ । बालविकासका सबै पक्षलाई समेटेर बालबालिकाका क्रियाकलापहरूको अवलोकन र ती क्रियाकलापहरूको रेकर्डको आधारमा बालबालिकाको मूल्याङ्कन गर्दा उनीहरूको प्रगतिको गति र यथास्थितिको जानकारी हुन्छ। यसबाट सुधार गर्नुपर्ने पक्ष र सबल पक्षको जानकारी प्राप्त भई सुधार गर्नुपर्ने पक्षमा सहयोग पुऱ्याउन सजिलो हुन्छ। बालबालिकाको मूल्याङ्कन गर्दा उत्प्रेरणात्मक ढङ्गले सुधारात्मक प्रक्रिया अपनाई शिक्षकले बालबालिकाको आवश्यकताअनुसार सिकाइमा सहयोग पुऱ्याउनुपर्छ ।

- बालबालिकाको दैनिक क्रियाकलापको आधारमा के, कति, कहिले र कसरी सिके भन्ने अवलोकन गर्ने गर्नुपर्छ। सञ्चित अभिलेख राखी व्यक्तिगत फाइल तयार पार्नुपर्छ ।
- बालबालिकाको मूल्याङ्कन गर्ने क्रममा कहाँ, कस्तो, के र किन कमजोरी छ भन्ने पत्ता लगाउने तरिकाहरू अपनाउनुपर्छ ।
- बालबालिकाको प्रगतिलाई उनीहरूले गरेका क्रियाकलापका आधारमा टिपोटको रूपमा अभिलेख राख्नुपर्छ ।
- प्रारम्भिक बालविकास तथा सिकाइ मूल्याङ्कन फाराम (अनुसूची ३) भरी त्रैमासिक रूपमा अभिभावकलाई जानकारी गराउनुपर्छ। यस क्रममा विषयक्षेत्र, विषयक्षेत्रका उपक्षेत्र, आधारभूत सिप सिकाइका क्षेत्र, विषयगत सिप सिकाइका क्षेत्रलाई प्रारम्भिक बालविकास तथा सिकाइ मूल्याङ्कनमा आधारित भई प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनको तयारी र अभिलेखन गर्नुपर्छ ।

**बालबालिकाको सर्वाङ्गीण पक्षको मूल्याङ्कनका लागि प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनलाई आधार लिई देहायअनुसार मूल्याङ्कन गर्नुपर्ने छ :**

<table>
<tr><td colspan="2">बालबालिकाको नाम :</td><td>लिङ्ग :</td><td colspan="2">जन्ममिति :</td><td>उमेर :</td></tr>
<tr><td colspan="3">उचाइ :</td><td colspan="3">तौल :</td></tr>
<tr><td colspan="3">केही कार्यगत सीमितता/अपाङ्गता भए त्यसको विवरण[1] :</td><td colspan="3">बालबालिकाको ठेगाना :</td></tr>
<tr><td>आमाको नाम :</td><td colspan="3">बुबाको नाम :</td><td colspan="2" rowspan="3">तस्बिर/फोटो</td></tr>
<tr><td>शिक्षकको नाम :</td><td colspan="3">विद्यालय/प्रारम्भिक बालविकास केन्द्रको नाम :</td></tr>
<tr><td>विद्यालयको ठेगाना</td><td colspan="3">स्थानीय तहको नाम :</td></tr>
</table>

**मानक तथा सूचकहरू**

| क्र.स. | विकासको क्षेत्र | सिपका क्षेत्रहरू | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | भर्ना हुँदाको समयमा[2] | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शारीरिक विकास, स्वास्थ्य र तन्दुरुस्ती | शारीरिक सिप | स्थूल अङ्गको विकास | **मानक** : शरीरका अङ्गहरूको आरोग्य र संयोजन प्रस्तुत गर्ने **सूचक** : बालबालिकाले हिँडाइ, उफ्राइ, कुदाइ, उफ्रँदै हिँड्ने, भकुन्डो लत्याउने, समाउने र फाल्ने जस्ता विभिन्न क्रियाकलापमा सरिक हुन ठुला मांसपेशीहरूलाई सन्तुलित र संयोजित रूपमा प्रयोग गर्न सक्छन् । | उफ्रने जस्तो स्थूल अङ्गका क्रियाकलापमा सीमित सन्तुलन | | | | |
| | | | | | स्थूल अङ्गका क्रियाकलापका क्रममा सन्तुलन कायम | | | | |
| | | | | | छिटो सक्रिय हुँदा पनि सन्तुलन कायम र शरीरलाई नियन्त्रण | | | | |
| | | | | | लक्ष्यसहित भकुन्डो फाल्ने वा दिइएको लक्ष्यमा भकुन्डो खुट्टाले प्रहार गर्ने जस्ता विविध क्रियाकलापका क्रममा सन्तुलन कायम र राम्रो संयोजन | | | | |

1 बालबालिका प्रारम्भिक बालविकास केन्द्र वा पूर्वप्राथमिक विद्यालय प्रवेश गर्दा २ देखि ४ वर्षका बालबालिकाको कार्यगत सीमितता पहिचानका लागि प्रश्नावली प्रयोग गर्नुहोस् । यो प्रश्नावली तपाईंले IEMIS भर्न प्रयोग गरिसक्नुभएको छ भने त्यसैबाट पनि लिन सक्नुहुन्छ ।

2 पहिलो मूल्याङ्कन प्रतिवेदन बालबालिका प्रारम्भिक बालविकास केन्द्र वा पूर्वप्राथमिक विद्यालय प्रवेश गर्दा वा भर्ना हुँदाको समयमा गरिने छ भन्ने आशा गरिएको ।

| क्र.स. | विकासको क्षेत्र | सिपका क्षेत्रहरू | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | भर्ना हुँदाको समयमा | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | | शारीरिक सिप | सूक्ष्म अङ्गको विकास | **मानक** : साना मांसपेशीसहितका अङ्गहरूको संयोजन र परिचालन गर्न सक्षम हुने ।<br>**सूचक** : टाँक लाउने, बकल कस्ने, चेन लगाउने, तुना बाँध्ने जस्ता विभिन्न क्रियाकलापमा संलग्न हुँदा र रेखाङ्कन गरिएको ठाउँमा रङ संयोजन गर्दा र रङ भर्दा बालबालिकाले सूक्ष्म मांसपेशीहरू (जस्तै : औँलाहरू) नियन्त्रित र संयोजित रूपमा प्रयोग गर्न सक्छन् । | सूक्ष्म अङ्गसँग सम्बन्धित क्रियाकलापहरूका क्रममा साना मांसपेशीहरूको सीमित समन्वय | | | | |
| | | | | | सूक्ष्म अङ्गका क्रियाकलापहरूका क्रममा साना मांसपेशीहरूको समन्वय | | | | |
| | | | | | जोड्न तोड्न मिल्ने वस्तुहरू चलाइरहँदा साना मांसपेशीहरूको समन्वय कायम | | | | |
| | | | | | साना गोटीहरू उन्ने, तुना बाँध्ने, रेखाभित्र रङ भर्ने र सबै आकारका वस्तुहरूको तह मिलाउने जस्ता मांसपेशीसँग सम्बन्धित विविध क्रियाकलापहरूका क्रममा राम्रो नियन्त्रण र समन्वय कायम | | | | |

| क्र.स. | विकासको क्षेत्र | सिपका क्षेत्रहरू | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | भर्ना हुँदाको समयमा | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | | शारीरिक सिप | इन्द्रिय अङ्गको विकास | **मानक** : आफ्नै इन्द्रियहरूको प्रयोग गरी खेल्ने र सिक्ने । **सूचक** : बालबालिकाले इन्द्रिय अङ्गसँग सम्बन्धित विविध सिपहरू प्रदर्शन गर्न सक्छन् । | विभिन्न आवाज, गन्ध, स्वाद र बनोट पहिचानको सुरुआत | | | | |
| | | | | | कुनै इन्द्रिय गुणमा (जस्तै : गन्ध, आवाज, स्वाद र बनोटमा) आधारित भएर वस्तुहरू छनोट | | | | |
| | | | | | कुनै दुई वा तीन इन्द्रिय गुणमा आधारित भएर वस्तुहरू छनोट | | | | |
| | | | | | सबै इन्द्रिय गुणहरूमा आधारित भएर वस्तुहरूको छनोट | | | | |
| ४ | | स्वास्थ्य पोषण, सुरक्षा र वातावरण सिप | व्यक्तिगत सरसफाइ | **मानक** : आफ्नो व्यक्तिगत र वरिपरिको सरसफाइ गर्ने । **सूचक**: बालबालिकाले स्वतन्त्रतापूर्वक आधारभूत स्वावलम्बन सिपहरू प्रदर्शन गर्न सक्छन् (शौचालय जाने, लुगा लगाउने, खाना खाने, नुहाउने, कपाल कोर्ने, दाँत माझ्ने, खानाअगि र शौचालय प्रयोग गरेपछि हात धुने) । | आधारभूत स्वावलम्बन सिपहरू प्रदर्शन गर्न प्रयास मात्र गर्ने | | | | |
| | | | | | कसैको सहयोगमा आधारभूत स्वावलम्बन सिपहरू प्रदर्शन गर्न सक्ने | | | | |
| | | | | | २-३ ओटा आधारभूत स्वावलम्बन सिपहरू आफैँ स्वतन्त्र ढङ्गले प्रदर्शन गर्न सक्ने | | | | |
| | | | | | अधिकांश वा सबै आधारभूत स्वावलम्बन सिपहरू आफैँ स्वतन्त्र ढङ्गले प्रदर्शन गर्न सक्ने | | | | |

| क्र.स. | विकासको क्षेत्र | सिपका क्षेत्रहरू | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | भर्ना हुँदाको समयमा | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | | स्वास्थ्य पोषण, सुरक्षा र वातावरण सिप | सुरक्षित अभ्यास | **मानक** : सुरक्षित बस्ने र हानिकारक वस्तुहरूबाट टाढा रहने ज्ञान हुनु । सूचक : बालबालिकाले हाच्छिउँ गर्दा र खोक्दा आफ्नो नाक र मुख छोप्ने, धारिला वस्तुहरू छुनबाट टाढा रहने जस्ता सुरक्षित व्यवहार वा अभ्यास प्रदर्शन गर्न सक्छन् । | सुरक्षित अभ्यासहरू प्रदर्शन गर्न प्रयास मात्र गर्ने | | | | |
| | | | | | कसैको सहयोगमा मात्र सुरक्षित अभ्यासहरू प्रदर्शन गर्न सक्ने | | | | |
| | | | | | कहिलेकाहीँ मात्र सुरक्षित अभ्यासहरू स्वतन्त्रपूर्वक ढङ्गले पालना गर्ने | | | | |
| | | | | | अधिकांश समयमा आफैँ सुरक्षित अभ्यासहरू पालना गर्ने | | | | |
| ६ | भाषिक विकास | भाषिक सिप | सुनाइ | **मानक** : एकआपसमा र परिचित व्यक्तिहरूसँग कुराकानी गर्ने । **सूचक** : बालबालिकाले कुराकानी वा कथाहरू ध्यानपूर्वक सुन्न र सम्बन्धित प्रश्नहरूमा प्रतिक्रिया जनाउन सक्छन् । | कथा वा कुराकानीमा ध्यान नदिने | | | | |
| | | | | | कथा वा कुराकानी सक्रिय रूपमा सुन्ने (जस्तै : अनुहारको हाउभाउ, शारीरिक हाउभाउ, सङ्केतहरू, प्रश्न सोध्ने आदि) | | | | |
| | | | | | कथा र कुराकानी बुझ्ने - सामान्य/सङ्क्षिप्त उत्तर आउने प्रश्नहरूमा (जस्तै: के ? कहिले ? को ?) प्रतिक्रिया जनाउने | | | | |
| | | | | | कथा र कुराकानी बुझ्ने - जटिल/व्याख्यात्मक उत्तर आउने प्रश्नहरूमा जस्तैः किन ? र कसरी ?) प्रतिक्रिया जनाउने | | | | |

| क्र.स. | विकासको क्षेत्र | सिपका क्षेत्रहरू | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | भर्ना हुँदाको समयमा | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | | भाषिक सिप | पूर्वपढाइ | **मानक** : पूर्वपठन सिप देखाउने । **सूचक** : बालबालिका छापा सामग्रीसम्बन्धी जानकारी प्रदर्शन गर्न र चित्रलाई अक्षरसँग जोड्न सक्षम हुन्छन् । | पुस्तकको पहिलो पाना चिन्ने | | | | |
| | | | | | चित्रहरू र पाठ छुट्याउन सक्ने | | | | |
| | | | | | लेखाइ कताबाट कतापट्टि जान्छ भनी धारणा विकास गरी बताउने | | | | |
| | | | | | अक्षरहरूलाई सही तरिकाले पहिचान गर्ने र तिनलाई चित्रहरूसँग जोडा मिलाउन सक्ने | | | | |
| ८ | | भाषिक सिप | पूर्वलेखाइ | **मानक** : पूर्वलेखाइका सिपहरू देखाउने **सूचक** : बालबालिकाले पूर्वलेखाइका सिपहरू प्रदर्शन गर्न सक्छन् । | लेखनको प्रतिनिधित्व स्वरूप केरकार गर्ने | | | | |
| | | | | | लेखनको प्रतिनिधित्व स्वरूप आकारहरू बनाउने | | | | |
| | | | | | आफ्ना कुराहरूको अभिव्यक्तिका लागि आकार कोर्ने र लेखाइलाई जोडेर लेखेको जस्तो भान पार्ने क्रियाकलापमा सहभागी हुने | | | | |
| | | | | | दिइएको शीर्षक वा विचारसँग सम्बन्धित शब्दहरू लेख्न आफैँले बनाएको हिज्जेको प्रयोग गर्ने (आफ्नो उच्चारणमा आधारित भएर अक्षरहरू लेख्ने) | | | | |

| क्र.स. | विकासको क्षेत्र | सिपका क्षेत्रहरू | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | भर्ना हुँदाको समयमा | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | बौद्धिक विकास | बौद्धिक तथा मानसिक | बौद्धिक सिप र सिकाइ प्रक्रियाहरू | **मानक** : सिकाइलाई विश्लेषण गर्ने र त्यसका नतिजाहरूलाई भविष्यको सिकाइमा प्रयोग गर्ने<br>**सूचक** : बालबालिकाले निश्चित घटनामा भएका क्रियाकलाप र विवरणहरू क्रमबद्ध रूपमा सुनाउन सक्छन् । | कुनै घटनाको व्याख्या गर्न असमर्थ भएको वा व्याख्या गरे पनि क्रमबद्ध रूपमा गर्न असमर्थ भएको | | | | |
| | | | | | कुनै घटनाका कम्तीमा दुई क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्न सक्ने | | | | |
| | | | | | कुनै घटनाका तीन चार क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्ने | | | | |
| | | | | | कुनै घटनाका कम्तीमा ५ क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्ने | | | | |
| १० | | पूर्वगणितीय सिप | वर्गीकरण र क्रम मिलाउने | **मानक** : वस्तुहरूलाई क्रममा राख्ने र तिनीहरूलाई छुट्याउन सक्ने ।<br>**सूचक** : बालबालिकाले फरक-फरक विशेषता (आकार, नाप वा रङ) का आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्छन् । | कुनै पनि विशेषताका आधारमा वस्तुहरू छुट्याउन प्रयास मात्र गर्ने | | | | |
| | | | | | कुनै एक विशेषताका आधारमा वस्तुहरू छुट्याउन सक्ने | | | | |
| | | | | | कुनै दुई विशेषताका आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्ने | | | | |
| | | | | | सबै तीन विशेषताका आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्ने | | | | |

| क्र.स. | विकासको क्षेत्र | सिपका क्षेत्रहरू | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | भर्ना हुँदाको समयमा | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | | वरपरको वातावरण | वैज्ञानिक ज्ञान/ खोजी | **मानक** : हेरेर मौसमबारे व्याख्या गर्न सक्ने<br>**सूचक** : बालबालिकाले दिनको मौसम चिन्न र त्यसबारे बताउन सक्छन् र त्यस मौसमसँग सम्बन्धित कुराहरू व्याख्या गर्न सक्छन् जस्तो झरीको दिनमा छाता प्रयोग गर्ने, चर्को गर्मीको दिन छोटा बाहुला भएको लुगा लगाउने) | मौसम पहिचान गर्न प्रयास मात्र गर्ने | | | | |
| | | | | | कुनै एक दुई प्रकारका मौसमहरू पहिचान गर्न सक्ने | | | | |
| | | | | | पहिचान गरेको मौसम र सम्बन्धित वस्तुहरूसँग जोड्न सक्ने | | | | |
| | | | | | कुनै तीन चार प्रकारका मौसमहरू र तीसँग सम्बन्धित पोसाक खानालगायतको पहिचान गर्न सक्ने | | | | |
| १२ | | पूर्व गणितीय सिप | दुरी र दिशा | **मानक** : दिशा र त्यससम्बन्धी निर्देशनहरू बुझ्ने र तिनलाई प्रयोग गर्ने ।<br>**सूचक** : बालबालिका स्थान र अवस्थितिको सचेतना प्रस्तुत गर्न सक्षम हुन्छन् । | वास्तविक वस्तुहरूको स्थानगत अवस्थिति पहिचान गर्न नसक्ने | | | | |
| | | | | | एक वा दुई स्थानगत आयाममा वस्तु कहाँ अवस्थित छ भन्ने देखाउँछन्, जस्तै माथि वा भित्र, नजिक वा टाढा | | | | |
| | | | | | तीन वा चार आयाममा वस्तु कहाँ अवस्थित छ भन्ने देखाउँछन् | | | | |
| | | | | | बहुतरिकाबाट अन्य वस्तुहरूसँगको तुलनामा कुनै पनि वस्तुको अवस्थिति देखाउँछन् | | | | |

| क्र.स. | विकासको क्षेत्र | सिपका क्षेत्रहरू | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | भर्ना हुँदाको समयमा | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | | पूर्वगणितीय सिप | अङ्क/ सङ्ख्या | **मानक** : अङ्क/सङ्ख्याहरूको ज्ञान प्रस्तुत गर्ने र गन्न सक्ने । **सूचक** : बालबालिकाले १ देखि १० सम्मका सङ्ख्याको अवधारणाको ज्ञान प्रस्तुत गर्छन् । | मात्राहरूको तुलना गर्न सक्ने | | | | |
| | | | | | कुनै सङ्ख्यालाई वस्तुसँग जोड्ने र प्रत्येक वस्तुलाई बुझाइसहित गन्ने | | | | |
| | | | | | अङ्क/सङ्ख्यालाई पहिचान गर्ने र ठोस वस्तुहरूसँग जोड्ने | | | | |
| | | | | | १ देखि १० भित्रको सबैभन्दा सानो र सबैभन्दा ठुलो दुबै सङ्ख्याको पहिचान गर्ने | | | | |
| १४ | | सिर्जनात्मक सिप | कल्पना | **मानक** : वास्तविकता र कल्पनाबिच फरक गर्न सक्ने । **सूचक** : बालबालिकाले आफ्नो कल्पना प्रयोग गरी कथा भन्न सक्छन् । | कथामा वा कथा सुनाइसकेपछि अब के हुनसक्छ भन्ने बारेमा सोधिने प्रश्नहरूमा उत्तर दिन प्रयास मात्र गर्ने | | | | |
| | | | | | कथामा वा कथा सुनाइसकेपछि अब के हुन सक्छ भन्ने बारेमा सोधिने प्रश्नहरूमा उत्तर दिन सक्ने | | | | |
| | | | | | कथाको अभिनय गर्ने वा कथा सुनाउन खेलौनाको प्रयोग गर्ने | | | | |
| | | | | | आफ्नै कथा बनाउने र सुनाउने | | | | |
| १५ | सामाजिक विकास | सामाजिक, सांस्कृतिक र नैतिक सिप | जीवन उपयोगी सिपहरू | **मानक** : व्यक्तिगत वा सामूहिक कामहरू पूरा गर्न आत्मनिर्भर । **सूचक** : बालबालिकाले विविध समूहगत कार्यहरूमा सहभागिता जनाउन सक्छन्, उदाहरणका लागि समूहमा पजलहरूको समाधान खोज्ने, छलफल गर्ने, अभिनय गर्ने वा खेलहरू खेल्ने । | अरूको छेउमा वा नजिकै खेल्ने तर अरूसँग नखेल्ने | | | | |
| | | | | | अरूसँग खेल्न सुरु गर्ने | | | | |
| | | | | | संयुक्त रूपमा केही बनाउन वा सिर्जना गर्न अरू सँगसँगै खेल्ने | | | | |
| | | | | | नियमसहितका खेलहरूमा अरू बालबालिका सँगसँगै सहभागी हुने | | | | |

| क्र.स. | विकासको क्षेत्र | सिपका क्षेत्रहरू | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | भर्ना हुँदाको समयमा | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | | सामाजिक, सांस्कृतिक र नैतिक सिप | सामाजिक व्यवहार | **मानक** : आवश्यकतानुसार आफ्ना साथी र अरू ठुला मानिससँग उचित रूपमा व्यवहार गर्ने ।<br>**सूचक** : बालबालिकाले सुरक्षित अवस्थामा परिचित र अपरिचित व्यक्तिहरूलाई सावधानीपूर्वक अभिवादन गर्छन् । | परिचित ठुला मानिस/सहजकर्तालाई हाउभाउसहित अभिवादन गर्ने | | | | |
| | | | | | केही निश्चित ठुला मानिसलाई हाउभाउसहित वा मौखिक रूपमा अभिवादन गर्ने | | | | |
| | | | | | परिचित र अपरिचित वयस्कलाई अभिवादन गर्ने तर कहिलेकाहीँ सम्झाउनु पर्ने | | | | |
| | | | | | परिचित र अपरिचित वयस्कलाई अभिवादन गर्न आफैँ अगाडि आउनेँ | | | | |
| १७ | संवेगात्मक विकास | संवेगात्मक सिप | संवेगात्मक अभिव्यक्ति | **मानक** : परिस्थितिअनुसार विविध संवेग/भावनाहरू व्यक्त गर्ने ।<br>**सूचक** : बालबालिकाले आफ्नो संवेग/भावनाहरू चिन्न, अभिव्यक्त गर्न र व्यवस्थापन गर्न सक्छन् । | संवेग/भावनाहरू चिन्न प्रयास मात्र गर्ने | | | | |
| | | | | | आफ्ना संवेग/भावनाहरू चिन्ने | | | | |
| | | | | | संवेग/भावनालाई केले उत्प्रेरित गर्छ बुझ्ने | | | | |
| | | | | | आफ्नो संवेग/भावनालाई उचित प्रतिक्रिया दिने | | | | |
| १८ | | संवेगात्मक सिप | संवेगात्मक सुरक्षा र आत्मविश्वास | **मानक** : विविध परिस्थितिहरूमा सुरक्षाको भाव प्रदर्शन गर्ने ।<br>**सूचक** : बालबालिकाले विभिन्न परिस्थितिहरूमा आत्मविश्वासका साथ आफ्ना धारणाहरू अभिव्यक्त गर्न सक्छन् । | आफ्नै धारणाहरू अभिव्यक्त गर्न प्रयास मात्र गर्ने | | | | |
| | | | | | निकट साथीहरूसँग मात्र आफ्ना धारणाहरू अभिव्यक्त गर्ने | | | | |
| | | | | | आफूसँग निकट नरहेकासहित केही साथीहरूसँग आफ्ना धारणाहरू अभिव्यक्त गर्ने | | | | |
| | | | | | आफ्ना धारणाहरू जोसँग पनि अभिव्यक्त गर्ने | | | | |

| क्र.स. | विकासको क्षेत्र | सिपका क्षेत्रहरू | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | भर्ना हुँदाको समयमा | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|---|
| १९ | सांस्कृतिक विकास | सामाजिक, सांस्कृतिक र नैतिक सिप | राष्ट्र र राष्ट्रियता | **मानक** : 'हामी नेपाली हौँ' भन्ने भावना अभिव्यक्त गर्न सक्ने<br>**सूचक** : बालबालिकाले आफू, आफ्नो परिवार/समुदाय, आफ्नो देशबारे सचेतना प्रदर्शन गर्छन् । | आफ्नो नाम वा अभिभावकका नाम जस्ता आफ्नै बारेका आधारभूत सूचनाहरू थाहा भएको | | | | |
| | | | | | आफ्नो उमेर, लिङ्ग जस्ता आफ्नै बारेमा आाधारभूत सूचनाहरू प्रस्तुत गर्ने | | | | |
| | | | | | परिवारका संस्कृति, चाडबाड जस्ता बारेमा सचेतना प्रस्तुत गर्ने | | | | |
| | | | | | राष्ट्रिय चाड/दिवस र राष्ट्रिय गीतसम्बन्धी सचेतना प्रस्तुत गर्ने | | | | |

**टिप्पणीमा, सम्बोधन गर्न आवश्यक रहेका समग्र सबल र  सुधारका लागि आवश्यक पक्षहरू लेख्नुहोस् ।**

| त्रैमासिक | टिप्पणी | हस्ताक्षर | |
|---|---|---|---|
| | | शिक्षक | अभिभावक/स्याहारकर्ता |
| भर्ना हुँदाको समयमा | | | |
| पहिलो त्रैमासिक | | | |
| दोस्रो त्रैमासिक | | | |
| तेस्रो त्रैमासिक | | | |

स्रोतः प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा रहेका बालबालिकाका लागि प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका, २०७९